# अभिभावकको दृष्टिकोणमा सामुदायिक विद्यालय

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन

विषयको (**EPM. ५९८**) को आंशिक आवश्यकता

परिपूर्तिका लागि तयार गरिएको

## शोधपत्र


## प्रस्तोता

मदन तिवारी

परीक्षा क्रमाङ्कः २१४००६४

त्रिविवि द नं. : ९-१-२१४-१९७-२००४

शैक्षिक वर्ष २०६७/०६८

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

कोसीहरैचा, मोरङ


चैत्र, २०७३


अभिभावकको दृष्टिकोणमा सामुदायिक विद्यालय

मदन तिवारी

२०७३

**विषय : मूल्याङ्कनका लागि शोधपत्र सिफारिस गरिएको सम्बन्धमा ।**

श्री शोधपत्र मूल्याङ्कन समिति

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुकुना बहुमुखी क्याम्पस

कोसीहरैँचा, मोरङ

उपर्युक्त सम्बन्धमा यस क्याम्पसको शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (M. Ed.) शैक्षिक योजना तथा व्यवस्थापन विभाग **(Ed. PM. 598)** का विद्यार्थी **मदन तिवारी**ले **अभिभावकको हेराइमा सामुदायिक विद्यालय** शीर्षकको शोधकार्य मेरो प्रत्यक्ष निर्देशन र सुपरिवेक्षणमा गर्नु भएको र निजको शोधकार्य र शोध लेखनबाट म सन्तुष्ट रहेकाले उक्त शोधपत्र वाह्य मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

शोधपत्र समावेश गरिएको मिति : २०७३/ /

इश्वी.सम्बत् :

..............................

खगेन्द्रप्रसाद

लुइटेल

शोध

निर्देशक

**विषय : शोधपत्र मूल्याङ्कन गरी स्वीकृत गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा सुकुना बहुमुखी क्याम्पसको शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (M. Ed.) शैक्षिक योजना तथा व्यवस्थापन विभाग **(Ed. PM. 598)** का विद्यार्थी **मदन तिवारी**ले **अभिभावकको हेराइमा सामुदायिक विद्यालय** शीर्षकको शोधपत्र शोधनिर्देशक तथा सुपरिवेक्षक बाट वाह्य मूल्याङ्कनका लागि सिफारिस भई आएको हुँदा निजको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

| क्र. स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री केशवराज भट्टराई | विभागीय प्रमुख | |
| २. | श्री खगेन्द्रप्रसाद लुइटेल | शोध निर्देशक | |
| ३. | | वाह्य परीक्षक | |

वाह्य परीक्षण गरिएको मिति :

इश्वी.सम्बत् :

## कृतज्ञाता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग ५९८ विषयको स्नातकोत्तर तह पुरा गर्ने प्रयोजनको लागि शोधपत्र पूर्णाङ्क ५० को पाठ्यभार यस अभिभावकको दृष्टिकोणमा सामुदायिक विद्यालय शीर्षकको शोधपत्रबाट पूरा गर्ने प्रयास गरेको छु ।

यो शोधपत्र तयार गर्ने क्रममा शोध प्रश्तावना शीर्षक छनोट गर्नेदेखि शोध लेख पूरा गर्ने समयसम्म आवश्यक सल्लाह, सुझाव र परामर्श दिनुहुने सुकुना बहुमुखी क्याम्पसका शोध निर्देशक श्री खगेन्द्रप्रसाद लुइटेल, क्याम्पस प्रमुख श्री पितकुमार श्रेष्ठ र शैक्षिक योजना तथा व्यवस्थापन विभाग प्रमुख श्री केशवप्रसाद भट्टराईज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । अध्ययन कै सिलसिलामा प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने ४ वटै विद्यालयका प्र.अ.हरू, शिक्षकहरु, नमुनामा परेका विद्यार्थीहरु र तिनीहरुका अभिभावकज्यूहरु साथै प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण मित्रजनहरु प्रति आभार प्रकट गर्दै कम्प्युटरमा सहयोग गर्ने टिना कम्प्युटरका भाइ यज्ञमणि निरौलालाई समेत हार्दिक धन्यवाद दिन चाहान्छु ।

मदन तिवारी

# प्रतिवद्धता

यो शोधपत्र मेरो ज्ञान र अध्ययन क्षेत्रमा आधारित रहेर सर्वप्रथम तयार गरिएको हो भनी प्रतिवद्धता गर्नुका साथै कुनै पनि विश्व विद्यालयमा यस प्रयोजनार्थ यसअघि प्रस्तुत गरेको छैन भनी प्रतिवद्धता गर्दछु । यो अध्ययन मेरो आफ्नै अनुसन्धानको परिणाम हो र केही सन्दर्भ सूचीकृत विषयवस्तु बाहेक यो शोधपत्रमा प्रस्तुत विषयवस्तु मेरा मौलिक हुन् ।

................

मदन तिवारी

# विषयसूची

प्रतिवद्धता क
सिफारिस पत्र ख
स्वीकृति पत्र ग
कृतज्ञता घ
शोधसार ङ

## परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन ४
१.३ अध्ययनको औचित्य ५
१.४ अध्ययनको उद्देश्य ६
१.५ अनुसन्धानात्मक प्रश्नहरू ६
१.६ अध्ययनको परिसीमा ७

## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

२.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन ८
२.२ सम्बन्धित साहित्यको पुनरावलोकन १०
२.३ अध्ययनको उपादेयता १३
२.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा १४

## परिच्छेद तीन : अध्ययन विधि र प्रकृया

३.१ अध्ययनको ढाँचा र विधि १५
३.२ जनसंख्या, नमुना र नमुना छनोट रणनीति १५

३.३ अध्ययनको क्षेत्र १५
३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका १६
३.५ तथ्याङ्क संङ्कलन प्रकृया १६
३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण १७

## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ अभिभावकहरुको सामुदायिक विद्यालय प्रतिको दृष्टिकोण १८
४.२.१ अभिभावकको शिक्षण सिकाइप्रतिको दृष्टिकोण २०
४.२.२ कक्षा शिक्षण प्रति अभिभावको दृष्टिकोण २२
४.२.३ प्र.अ. प्रतिको दृष्टिकोण २४
४.२.४ शिक्षक प्रतिको दृष्टिकोण २७
४.२.५ विद्यार्थीको पढाइ प्रतिको दृष्टिकोण ३०
४.२.६ अतिरिक्त क्रियाकलाप प्रतिको दृष्टिकोण ३२
४.२ विद्यालयलाई प्रभावित पार्ने तत्व ३४
४.२.१ विद्यालय व्यवस्थापनमा अभिभावकको दृष्टिकोण ३४
४.२.२ विद्यालय व्यवस्थापनमा प्र.अ.को भूमिका ३४
४.२.३ विद्यालय व्यवस्थापनमा शैक्षिक सामग्री ३५
४.२.४ विद्यालयको भौतिक व्यवस्थापन ३७
४.२.५ विद्यालय शिक्षण विधि ३७
४.३ विद्यालयप्रति अभिभावकको चासो वढाउने उपाय ३८
४.३.१ विद्यालयको वार्षिकोत्सव ३९
४.३.२ सांस्कृतिक कार्यक्रम ३९
४.३.३ खेलकुद कार्यक्रम ३९
४.३.४ अन्तरक्रिया कार्यक्रम ४०
४.३.५ अभिभावकलाई चेतना विस्तार ४०

४.३.६ अभिभावकलाई स्वयमसेवाको रुपमा प्रयोग गरेर ४१
४.४ सामुदायिक विद्यालय सुधारका उपायहरु ४१
४.४.१ उपल्लो निकायबाट अनुगमन ४२
४.४.२ शिक्षकको जिम्वेवारी ४२
४.४.३ प्रधानाध्यापकको जिम्वेवारी ४३
४.४.४ व्यवस्थापन समितिको जिम्वेवारी ४४

## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

५.१ प्राप्ति ४६
५.२ निष्कर्ष ४८
५.३ सुझावहरु ४९
५.३.१ नीतिगत तह ४९
५.३.२ अभ्यास तह ५०
५.३.३ अनुसन्धान तहका लागि सुझावहरु ५१
सन्दर्भ सामग्री सूची
अनुसूचीहरू

# शोधसार

प्रस्तुत अध्ययन अभिभावकको दृष्टिकोणमा सामुदायिक विद्यालय शीर्षकमा तयार पारिएको छ । यस अध्ययनको मुख्य उद्देश्य अभिभावकको दृष्टिकोणमा सामुदायिक विद्यालयको अवस्था विश्लेषण गर्ने रहेको छ ।

मूलतः व्याख्यात्मक र परिमाणात्मक विधिलाई आधार मानी प्राथमिक र द्वितीय दुवै स्रोतबाट तथ्याङ्क संकलन गरिएको यो शोध कार्यमा तेह्रथुम जिल्लाको मोरहाङ स्रोतकेन्द्र अन्तरगत श्रीजुङ गा.वि.स. भित्र रहेका आधारभूत तथा माध्यमिक विद्यालयमा कक्षा ५ मा अध्ययन गर्ने विद्यार्थीका ३२ अभिभावक छनौट गरिएको छ ।अभिभावकको हेराईमा सामुदायिक विद्यालयको शिक्षण पत्ता लगाउन सुचना संकलनका लागि प्रश्नावली, अन्तरवार्ता, स्थल अवलोकन, विद्यालयबाट अभिभावकको नामावली संकलन गरिएको छ ।

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकहरु धेरै जसो साक्षर देखिएता पनि केहीले मात्र औपचारिक शिक्षाको माध्यमबाट साक्षर भएको देखिन्छ । उनिहरु आफ्ना छोराछोरीलाई शिक्षा प्रति चासो नदेखाएको त्यहाका अभिभावकले आफ्ना छोराछोरी प्रति शिक्षकसँग छलफल नगरेको विद्यालयका प्र.अ. तथा शिक्षक आफ्ना दायित्व र पेशा प्रति इमान्दार, कर्तव्य निष्ठ नदेखिएको पाइयो ।

शिक्षकहरुले अभिभावकहरुको मन जित्न नसकेको, विद्यालयका बालबालिकालाई अनुशासित एवम् विद्यार्थीप्रति उत्तरदायि नबनेको विद्यालयमा शिक्षकले मोबाइलमात्र चलाउने गरेको कक्षामा गएर किताबमात्र पढीदिने कक्षा शिक्षणमा ध्यान नदिने, गृहकार्य पनि नदिने, चेक पनि नगर्ने, कक्षाकोठामा विद्यार्थीलाई पढ, पढ मात्र भन्ने गरेको, सहि शिक्षा दिन नसकेको, कक्षा समयमा वेवास्ता गरेको, शिक्षक अन्य पेशाप्रति आकर्षित भएका र कतिपय शिक्षक राजनीतिमा सहभागी भई कक्षामा पढाउने कार्यलाई वेवास्ता गर्ने गरेको, विद्यालयमा गई हाजिरमात्र गर्ने गरेको, प्र.अ. पनि कुशल प्रशासकको रुपमा प्रस्तुत हुन नसकेको, अभिभावकलाई विद्यालयसम्म ल्याउन कुनै पहल नगरेको, कतिपय विद्यालयमा १० बजे विद्यालय खोल्ने र ४ बजे बन्द गर्ने मात्र कार्य गरिरहेको, अभिभावकसँग बालबालिकाको पढाइको बारेमा कुनै चासो नराखिएको , विद्यालय गएर नपढाइ ठग्ने शिक्षकलाई पनि कुनै कारवाही नभएको, आजको सञ्चारको समय भन्दै विद्यालय समय भरी

मोवाइल चलाउनेशिक्षक प्रति पनि कुनै निर्देशन सम्म नभएको, विभिन्न संस्थाको सदस्य हु भन्दै हाजिर गर्दै संस्थाको काममा बढी जोड दिएको देखिन्छ ।

अभिभावकहरु पनि आफ्नो घरायसीकारणले तथा चेतनाको कमीले गर्दा आफ्नो छोराछोरीको पठनपाठनको लागि खोजी गर्न जाने समेत नभ्याएको र छोराछोरी पढाएर भोली के हुन्छ भन्ने चेतना सम्म नभएको पाइयो । जि.वि.स. स्रोतव्यक्ति, विद्यालय निरीक्षक समेत विद्यालय अनुगमन नगरेको, लापरवाही गर्ने प्र.अ. तथा शिक्षक कर्मचारीलाई कारवाही गर्नु पर्ने देखिन्छ ।

शिक्षकलाई आफ्नो काममा निष्ठवान बनाउने कुनै पनि राजनीतिक कार्यक्रममा सहभागी हुन नदिने, विद्यालयमा वि.व्य.स.को भूमिका बढाउने, विद्यालयमा असल काम गर्ने शिक्षकहरूलाई पुरस्कार र खराब काम गर्ने शिक्षकलाई दण्डको व्यवस्था गर्ने, शिक्षकलाई अन्य पेशा, व्यवसायमा सहभागि हुन नदिनु र विद्यालयमा आवश्यक दरवन्दीको व्यवस्था गर्नु पर्ने ।

विद्यालयको शिक्षणलाई प्रभावकारी बनाउन अभिभावकले आफ्ना नानीहरुलाई नियमित विद्यालय पठाउनु पर्ने, विद्यालय व्यवस्थापन समितिले नियमितरुपमा अनुगमन गर्नु पर्ने, प्र.अ.ले कुशल प्रशासकको रुपमा कार्य गर्नुपर्ने नेपाल सरकारले पाठ्यपुस्तक समयमा उपलब्ध गराउनु पर्ने, जस्ता विषयलाई जोड दिदै नीति निर्माण तह, अभ्यास तहका लागि र अनुसन्धान तहका लागि सुझाव दिइएको छ ।

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको विकास सगँसगै शिक्षाको पनि विकाश भएको पाइन्छ । मानिसले विभिन्न समय र कालखण्ड पारगरे जस्तै शिक्षाले पनि त्यसतै कालखण्ड पार गर्दै आधुनिक विश्वमा प्रवेश गरेको छ । शिक्षाको उत्पति विकाशलाई हेर्दा प्राचिन मध्यकालिन र आधुनिक गरि तीनकाल खण्ड पार गरेको छ । यस काल खण्डमा दार्सनिक, शिक्षाविध समाजशास्त्री, मनोवैज्ञानिक सवैले आ-आफ्नो रुपबाट शिक्षाको परिभाषा गर्दै आएका छन् । आज मानविय र विश्व इतिहास विभिन्न दर्शन र सिद्धान्तको विकाश र प्रयोग भएको छ । शिक्षा गुरुकुल प्रणालीबाट विकसीत हुँदै व्याति समाज राष्ट्र अन्तर्राष्ट्रिय जगतका रुपमा फैलिएको छ । आज शिक्षाको विकास सँग सँगै शिक्षा दिने कार्य राज्यको प्रमुख दाहित्वका रुपमा स्थापित भएको छ । हाम्रो देश नेपालले पनि ठूलो धनरासी शिक्षा क्षेत्रमा खर्च गर्दै आएको छ । भने विद्यालयमा पढ्न लेख्न पाउनु वालवालिकाको मैलिक हकका रुपमा स्थापित भएको छ । त्यसैले सामुदायिक विद्यालयका बालवालीकाहरु शिक्षा रुपी उज्यालोबाट वन्चित नहुन भने उद्देश्य रहेको छ ।

आजका वालवालिका भोलीका कर्णधार हुन, यसले देश विकासमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपालको शिक्षाको इतिहास हेर्दा प्राचिनकालमा खासै शिक्षा दिएको पाइदैन । मध्यकालमा आउदा केहिमात्रामा शिक्षाको विकास भए पनि सर्वसाधारणका लागि शिक्षा प्राप्त गर्ने अवसर पाएको लामो समय भएको छैन । नेपालमा सवभन्दा पहिले श्री ३ जङ्वहादुरले वि.सं. १९०७ मा वेलायत भ्रमणबाट पर्केपछि आफ्ना सन्तानका लागि थापाथलि दरवारको दाखचोकमा वि.सं. १९१० अश्विन २७ गते अङ्ग्रेजी स्कुल खोली औपचारिक शिक्षाको थालनी भयो । यस दरवार स्कुललाई विर शम्सेरले रानी पोखरिको भवन वनाइ सारेका थिए । उनकै पालामा सर्वसाधारणका लागि समेत पढ्न पाउने व्यवस्था मिलाएका थिए । S.L.C. वोडको स्थापना भयो । उपत्यका वाहिर २००६ सालमा विरगन्जमा S.L.C. परिक्षा केन्द्र स्थापना भएको थियो (ढकाल र अन्य, २०६८) ।

माथिको भनाइबाट के थाहा हुन्छ भने शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । समयसँगसगै शिक्षाको विकास आफ्नै गतिमा अगाडि बढेको पाइन्छ । प्राचिन काल,

मध्यकाल, राणाकाल देखि प्रजातन्त्र आइन्जेल सम्म केही न केही रुपमा शिक्षाको विकास भएको मानिन्छ ।

नेपालमा शिक्षा आर्जन गर्नेको लागि स्थापना गरिएको शैक्षिक संस्थाको नाम विद्यालय हो । शिक्षाको विकासको क्रममा महत्वपूर्ण भूमिका निभाउने योजना मध्ये राष्ट्रिय शिक्षा पद्धतिको योजना एक हो । देशमा योजनाबद्ध ढंगबाट शिक्षा विकास गर्न पहिलो खुड्किलो राष्ट्रिय शिक्षा योजना आयोग २०११ हो भने २०१८ को सवाङगीय राष्ट्रिय शिक्षा समितिको प्रतिवेदनले पनि शिक्षाको योजना वद्ध विकासमा एक इँटा थप्नेकाम गरेको हो । भने विद्यालय शिक्षामा जोडदिन थालेको थियो यसले सामाजिक परिवर्तनमा ठुलो सहयोग गरेको थियो (अधिकारी, २०७०) ।

माथिको भनाइमा शिक्षाको विकाससँगसगै प्रजातन्त्र आए पछि शिक्षाको विकासका लागि विभिन्न आयोगको गठन भई ति आयोगहरुले पनि शिक्षालाई अगाडि बढाउन ठुलो मद्दत पुगेको पाइन्छ । जसले नागरिक चेतना फैलाउदै शिक्षाको विकासमा स्वयम नागरिक अग्रसर भएको देखिन्छ ।

नेपालमा शिक्षा विकशको सगँसगै देशमो राजनैतिक व्यवस्थापन र जनचाहनामा आएको परिवर्तनको लहरसँगै शिक्षा प्रणालीमा पनि समसामयिक परिवर्तन र सुधार गर्ने आयोगहरु गठन गरी सुझाव तथा सिफारिस लिने क्रममा वि.सं. २०२८ सालमा पाँच वर्षे (०२८-३२) राष्ट्रिय शिक्षा पद्धतिको योजना सुरुभयो । जुन नेपालको इतिहासमा ससक्त वनाउने कार्यक्रम अगाडि सारेको थियो । वि.सं. २०३२ सालपछि कक्षा १-३ लाई निशुल्क घोषणा गरियो भने वि.सं. २०३५ सालदेखि प्राथमिक तहमा पाठ्यपुस्तक निशुल्क वितरण गर्ने प्रारम्भ गरियो भने २०३८ सालदेखि विद्यालयको संरचनामा परिवर्तन गर्ने काम भयो । सन् १९९० भएको  थाइलेण्डको जोम्टिन विश्वसम्मेलनले सबैका लागि शिक्षा विश्व घोषणा पत्र जारी गयो । वि.स. २०४६ सालमा प्रजातन्त्रको पुन : स्थापना भए पछि देशको राजनैतिक व्यवस्था मिल्दो शिक्षा लागु गर्न २०४९ सालमा शिक्षामा समसामायिक वनाउन सिफारिस तथा सुझाव लिने काम गरियो । राष्ट्रिय शिक्षा आयो २०४९ सालले प्राथमिक शिक्षालाई व्यापक, सर्वसुलर्भ र निशुल्क वनाउन जोड दिइयो भने शिक्षाको कुल बजेटको करिव ६०% रकम विद्यालय शिक्षा र त्यसको व्यवस्थापनमा खर्च हुन्छ (भट्टराई २०६९) ।

माथिको भनाइबाट के थाहा हुन्छ भने शिक्षालाई अनिवार्य र अपरिहार्य तत्वको रुपमा स्थापना भएको छ। किनकी शिक्षालाई निशुल्क गर्ने देखि लिएर शिक्षा राज्यको दायित्वको रुपमा स्थापित हुन पुगेको छ।

आज समुदायिक विद्‌यालयको अवस्था खचकदो अवस्था छ। अभिभावकहरु विद्‌यालयको विचको दुरी वढदो रहेको छ। विश्वासको कमिहुँदै गएको पाइन्छ। हाल सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर वढन नसक्नुका प्रमुख कारणमध्ये विद्यालय व्यवस्थापन पक्षको कमजोरी मानव संसाधनको प्रयोग हुन सकेको छैन समुदायको सहयोग र सहभागिता प्राप्त गर्न सकेको छैन विद्‌यालयमा समुह निर्माण र समुह कार्य गर्ने सकिएको छैन। यसमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा शिक्षक विद्यार्थी प्रधानाध्यापक स्थानिय अभिभावक सङ्घ संस्था स्थानिय निकाय गैह्र सरकारी सङसंस्थाहरु श्रोतकेन्द्र जिल्ला शिक्षा कार्यलय आदिको सम्बन्ध रहेको हुन्छ। शिक्षक तथा प्र.अ. ले विद्यालय र कक्षा सञ्चालनको लागि के कस्ता योजना तयार गरेकाछन्, ती योजना कार्यन्वयन भएका छन छैन अनुगमन गर्न आवश्यक छ। विद्यालयले अभिभावक दिवस मनाउने गरे र अभिभावक दिवसमा अभिभावकहरुको सहभागिता वढाउन आवश्यकता हुन्छ (लम्साल २०६८)।

माथिको भनाइबाट के थाहा हुन्छ भने शिक्षा राज्यको दायित्वसँगसगै अव गाऊ सहरका अभिभावक पनि जागरुक हुन आवश्यक छ। राज्यले मात्र शिक्षालाई हेरेर सम्भव छैन भन्ने अवधारणाका साथ सरकारले विद्यालयलाई समुदायमा हस्तान्तरण गर्दै अभिभावकलाई जवाफमुखी बनाउने प्रयास गरेको छ।

माथिका भनाइलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयमा गरिव निमुखा अशिक्षित अभिभावकका वालवालिका पढ्ने ठाउँ ठानेर शैक्षिक क्षेत्रमा केहि गरेको देखिदैन अभिभावकहरु आफ्ना सन्तानलाई नीजी वोडिङ तथा विदेशमा पढन पठाउछन् शिक्षा क्षेत्र तहस नहस हुने अवस्थामा देखिन्छ। जनचेतनाको अभावको कारण अभिभावकमा शिक्षा प्रतिको सहभागिता कम देखिन्छ। अभिभावकको असन्तुष्टी सम्पूर्ण पक्षलाई हेर्दा आखिर यहाँ किन समस्या देखिन्छ। यसलाई विश्लेषण गर्दा आखिरमा यथार्थ के रहेछ ? मेरो उत्सुकिताको विषय भएकोले म यसको सत्य तथ्य पत्ता लगाउने प्रयासमा छु। अभिभावक, विद्यालय विद्यार्थी शिक्षक प्र.अ. वि.व्य.स. पि.टि.ए. स्रोत व्यक्ति आदिमा कहाँ समस्या रहेछ

अभिभावकको सामुदायिक विद्यालय प्रतिको हेराइ कस्तो छ । उजागर गर्ने प्रयत्न यस अध्ययनमा हुनेछ ।

## १.२ समस्याको कथन

आज सामुदायिक विद्यालयमा शिक्षामा मुलुकको सवैभन्दा ठूलो धनराशी खर्च भएको छ । खर्च बमोजिमको उपलब्धी प्राय शुन्य जस्तो देखिन्छ । गाऊ सहर बजारमा सामुदायिक विद्यालयको शैक्षिक स्तर ओरालो लाग्दै गएको छ । आज सामुदायिक विद्यालय कमजोर अभिभावकका छोराछोरी मात्र पढ्ने स्कुलमा परिणत हुन थालेका छन् । सामुदायिक विद्यालयको प्रगतिको मुख्य कडी मानिएका शिक्षकहरुले नै आफूले पढाउने स्कुललाई उपेक्ष गरेका कारणले यति बेला सामुदायिक विद्यालय कस्का लागि ? भन्ने पेचिलो प्रश्न खडा भएको छ ? यो प्रश्नको जवाफ फेला नपारी सामुदायिक विद्यालय सुधारको सहि सूत्र फेला पार्न सकिदैन ।

किनकी जुन विद्यालयका शिक्षकहरुले आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा पढाएका छन् । ती विद्यालयमा शैक्षिक, भौतिक उन्नती तुलनात्मक रुपमा अरु विद्यालयको भन्दा राम्रो पाइएको छ । जुन विद्यालयका शिक्षकहरुले आफ्ना छोराछोरी निजी स्कुलमा हालेर सरकारी स्कुलमा जागिर मात्र खाएका छन् । त्यस्ता विद्यालयको दुरदशा भएको पाइन्छ । यहाँ माथि अशिक्षित अभिभावक भएका ठाउँमा विद्यालय खोल्ने र बन्द गर्ने बाहेक अन्य कुरा भएको पाइदैन ।

मानव समाजको विकास र उन्नतिको लागि नै विद्यालयको स्थापना गरिएको हुन्छ । समाजको उत्थान र विकासका लागि स्थापना गरिएका विद्‍यालयमा अभिभावको सहभागिता रहनु आवश्यक छ । विद्यालयको विकासशमा अभिभावकको सहभागिताको महत्व पूर्ण भूमिका खेलेको हुन्छ । शिक्षा विद्वहरुको अन्तरबार्ता वहस विभिन्न पत्र पत्रिकाका लेख रचनाहरु विद्यालयका सवालमा विभिन्न तवरले उल्लेख भएको पाइन्छ । यिनै लेख रचनाका आधारमा विद्‍यालयको मूल्याङ्कन गर्ने गरेको पाइन्छ ।

तुलनात्मक रुपमा सामुदायिक विद्यालय र निजी विद्यालयलाई राखेर तुलना गर्दा कुन राम्रो कुन नराम्रो भनिने गरेको पाइन्छ । तर वास्तविकताको पहिचान सुस्म रुपमा भएको पाइदैन यसको सत्य तथ्य पत्ता लगाउनु सान्दर्भिक हुन्छ । सामुदायिक विद्यालयका प्रमुख सरोकार वाला तिनका वालवालिका अभिभावकको विद्यालय प्रति कस्तो दृष्टिकोण छ । भन्ने कुरा पत्ता लगाउनु र विद्यालय प्रति अभिभावकको हेराई कस्तो छ । भन्ने तथ्य पत्ता लगाउनु र विश्लेषण गर्नु यस अध्ययनको समस्या हो ।

## १.३ अध्ययनको औचित्य

सामुदायिक विद्यालयलाई सामुइक संस्थाका रुपमा स्थापित गर्ने आवश्यक छ । यसमा शिक्षण सिकाइका लागि महत्वपूर्ण पत्र शिक्षक हो, शिक्षण सिकाइ क्रियाकलाप एक सामाजिक प्रकृया हो । शिक्षक विद्यार्थी अभिभावक र समुदाय विधि घनिष्ट समवन्ध रहेको हुन्छ । यसमा शिक्षक व्यवस्थापन, भौतिक सुविधा आर्थिक पक्ष अभिभावक सहभागिता र सहयोगबाट उद्देश्य पुरा गर्ने कार्य निरन्तर चल्दछ शिक्षाको विकाश नै व्यक्ति र राष्ट्रको आधार सिल्ता हो । मानविय स्रोत र साधन पहिचालन गरि राष्ट्रको लक्ष्य र उद्देश्य पुरा गर्ने आवश्यक छ ।

शिक्षाको गुणस्तर र विद्यालयको गुणस्तर दिन प्रतिदिन खचकदो अवस्थामा सरोकारवला निकाय के गरि रहेका छन्, बर्सेनी ओरालो लागेको प्रतिसतलाई अभिभावकले कसरी हेरिरहेका छन् । अभिभावकहरु स्कुल प्रतिको किन उदासिन्ता देखाइ रहेका छन् । उनिहरुलाई विद्यालय सम्म ल्याउन कुनै प्रयास भएको छैन । राज्यले शिक्षामा बर्सेनी ठुलो धनरासी खर्च गरिरहेको छ । तर त्यसको उपलब्धी ज्यादै थोरै छ । नीजि विद्यालयको गुणस्तर कम देखिन्छ ।

अभिभावकहरु पनि नीजि विद्यालयले वोलाउदा जाने तर सामुदायिक विद्यालयमा कम महत्व दिने आखिरमा किन यस्तो भईरहेको छ । खोजी गर्नु यस अध्ययनको औचित्य रहेको छ । समय समयमा सामुदायिक विद्यालयमा तालिम गोष्ठी सेमिनार नभएको होइनन् सरकारले शिक्षामा लगानि नगरेको पनि होइन तर यो लगानीको उपलब्धी व्यवहारमा विद्यालयको औचित्य किन घटिरहेको छ ? अभिभावको हेराइ किन निजी विद्यालय प्रति

आकर्शित भएको छ । समुदायिक विद्यालयका शिक्षक तालिम प्राप्त छैनन् ? यदि छन भने उनिहरु किन जिम्वेवारी भएका छैनन, प्र.अ. तथा शिक्षकले विद्यालय र कक्षा संचालनको लागि योजना तयार गरेका छैनन् विद्यालयमा उपलब्ध सिक्षक विचमा कामको वाडँफाड भएको छैनन किन कलिला वालवालिकाको भविश्य प्रति खेलवाड भइ रहेको छ । भन्ने कुराको सत्य तथ्य पत्ता लगाउनु यस अध्ययनको औचित्य रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उदेश्यहरु निम्न अनुसार रहेका छन् :

१. अभिभावको दृष्टिकोणमा सामुदायिक विद्यालयको अवस्था केलाउनु ।

२. अभिभावकको दृष्टिकोणमा सामुदायिक विद्यालयलाई प्रभावित पार्ने तत्वको खोजि गर्नु ।

३. सामुदायिक विद्यालयप्रति अभिभावकको चासो वढाउने उपायहरु खोजी गर्नु ।

४. सामुदायिक विद्यालय सुधारका उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

१. अभिभावको हेराइमा सामुदायिक विद्यालयको शिक्षण सिकाई कस्तो छ पत्ता लगाउनु ।

२. अभिभावकको हेराइमा शिक्षक प्रतिको धारणा कस्तो रहेको छ ।

३. अभिभावकले छोराछोरीको नियमिततामा कस्तो भूमिका खेलेका छन् ।

४. अभिभावको प्र.अ. लाई कुन रुपमा हेरेका छन् ।

५. अभिभावको वि.व्य.स. को जिम्वेवारी के हो भन्न ठाहन्छन् ।

६. अभिभावकले विद्यालय प्रति कतिको चासो देखाएका छन् ।

७. वि.व्य.स. ले विद्यालयलाई कुन रुपमा हेरेका छन् ?

८. माथिका समस्याको लागि के-के उपाय अवलम्बन गर्न सकिन्छ।

## १.६ अध्ययनको परिसीमा

तेह्रथुम जिल्लाको मोराहाङ्ग स्रोतकेन्द्र भित्र रहेका २१ सामुदायिक विद्यालय मध्ये श्री जुङ्ग गा.वि.स. भित्र रहेका ५ ओटा विद्यालयहरु मध्ये ४ विद्यालयमा गइ कक्षा ५ मा अध्ययनरत अभिभावकहरुमा केन्द्रित भइ यो अध्ययन गरिएको छ। अनुसन्धानलाई अभिभावकको विद्यालय प्रतिको हेराइ विचार धारणा र दृष्टिकोण कस्तो छ भनी लेखाजोखा कार्यमा सामुदायिक विद्यालय अभिभावकको चासो कसरी बढाउन सकिन्छ र सामुदायिक विद्यालयलाई सुधारका उपायहरु के के हुन सक्छन् भन्ने उपायको खोजी गर्दै अध्ययन सिमीत गरिएको छ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

शिक्षा निरन्तर चलिरहने प्रकृया हो । यसमा विकास र विस्तराको लागि विद्वनहरुले विभिन्न सिद्धान्त प्रतिपादन गरेका छन् । ती सिद्धान्तहरुको आधारमा यो सोधकार्यमा अभिभावकको हेराइमा सामुदायिक विद्यालयको अध्ययन तथा अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

Prof. Frits Machlup का भनाइमा शैक्षिक प्रयास उपभोग र लगानी मात्रै होइन बर्वादी पनि हुन सक्छ । विद्यालय पठन जाने वालवालिकाले तुरुन्त सन्तुष्ट प्राप्त गर्दछन् आमाबुवा पनि आफ्ना छोराछोरी विद्यालय गएकोमा आनन्दित हुन्छन् । यो उपभोग हो । यसका लागि लगानी गर्नुपर्दछ । लगानि त्यो खर्च हो सले अन्त्यमा प्रतिफल दिन्छ । तर यसमा धेरै धैर्यको आवश्यकता पर्दछ । किनभने शिक्षाबाट लामो समयपछि मात्र प्रतिफल पाउन सकिन्छ । शैक्षिक प्रयासमा वर्वादी पनि हात लाग्न सक्छ । उत्पादित जनसक्ती रोजार मुलक भएन वा उत्पादित जनशक्तिले रोजगारी पाउन सकेन भने अभिभावको लगानी खेर जान्छ । अर्थात उत्पादन क्षमतामा बृद्धी गर्न सक्दैन भने लगानी बवादी हो उनको ठहर के हो भने आफ्नो आवश्यकता अनुसार शिक्षा प्रणालीको विकाश गर्नुपर्दछ र लगानी सतेकपुवक गर्नुपर्दछ वाह्रय मुलुको उच्च रुपमा सफल भएको प्रणाली र शिक्षण विधि अर्को मुलुकले नक्कल गर्ने हो भने यो समस्या आउन सक्दछ (ढकाल, २०६८) ।

माथिको भनाइबाट के प्रष्ट हुन्छ भने शिक्षामा गरिने लगानीले तुरुन्तै आर्थिक फल दिन सक्दैन । उदाहरणको लागि करेसावारीको सब्जी खेती जस्तो, जसको फल लामो समयमा मात्र पाउन सकिन्छ शिक्षामा गरेको लगानी कहिले काही खेर जान पनि सक्छ । किनकी शिक्षित व्यक्तिहरु वेरोजगार बन्न सक्छन् । जुन शिक्षा बजारमा विक्रि हुन सक्दैन ।

प्लेटोको विचारमा शिक्षा एउटा सामाजिक प्रक्रिया हो । सामाजिककरणको माध्यमबाट व्यक्तिकोनैतिक चरित्रको विकास हुन्छ । प्लेटोको शिक्षा नीतिका उद्देश्य व्यक्तिको व्यक्तित्वको विकास गर्ने भन्दा योग्य राष्ट्र सेवक उत्पदनगर्नु रहेको देखिन्छ ।

शिक्षा नै सक्षम र योग्य नागरीक निर्माणको कुशल यन्त्र हो । शिक्षा मानव चेतनाको संवाहक हो । यसले सत्यको अन्वेषण गर्दछ । शिक्षा प्राप्त गर्ने कुरा वातावरणमा निर्भर हुन्छ । यदि व्यक्तिले उपयुक्त अवसर प्राप्त गर्ने हो भने उसले उपलब्ध गरेको ज्ञानबाट जिवनलाई सुमार्गमा लगाउन सक्दछ । प्लेटोको शिक्षा नीति समानतामा आधारित छ । महिला पुरुष दुवैलाई अनिवार्य शिक्षा दिनुपर्ने उनको विचार वर्तमान युग सम्म पनि उत्तिकै सान्दर्भिक र महत्वपूर्ण छ । प्लेटोको शिक्षा योजना शासक वर्गमा मात्र केन्दित छ । शिक्षाको मुख्य उद्देश्य आदर्श शासन निर्माण गर्दै आदर्श राज्य सञ्चालनसँग सम्बन्धित छ । तत्कालिन सामाजिक, आर्थिक, राजनीति विकृति विसङ्गतिलाई मुक्त राख्न आदर्श राज्य, आदर्श शासक, आदर्श नागरिक निर्माण गर्ने उनको एथेन्स र स्पार्टाको शिक्षा नीतिलाई समन्वयात्मक ढंगबाट अघि बढाएका छन् । व्यायाम, संगित र सैनिक तालिम किशोर किशोरीका लागि प्रारम्भिक शिक्षा योजना राखेका छन् भने उच्च शिक्षा सेना, र प्रौढहरुका लागि हुने उनको मान्यता रहेको छ ।

माथिको सिद्धान्तबाट के प्रष्ट हुन्छ भने शिक्षा अनिवार्य र अपरिहार्य छ । आदर्श राज्य निर्माण देखि शिक्षित समाज निर्माणको लागि महिला पुरुष दुवैलाई शिक्षा दिनु अनिवार्य देखिन्छ । यो आज पनि उत्तिकै सान्दर्भिक मान्न सकिन्छ ।

मस्लोका अनुसार प्रत्येक व्याक्ती एक आपसमा फरक फरक हुन्छ र यस्तो फरक प्रकृतिलाई हामीले बुझ्न सहयोग गर्नु र उत्साही वनाउने गर्न पर्दछ अर्थात कुनै पनि प्रकृतिका मानिस सँग श्रेणी बद्ध आवश्यकताहरु रहेका हुन्छन्, ती आवश्यकताहरु पुरा गर्दै उसलाई आत्मा यथार्थी करणको वोध हुन्छ । अत : अन्य मनोवैज्ञानिकहरुले जस्तो मानिस स्वार्थी हुन्छ, दृष्ट हुन्छ र असामाजिक हुन्छ भने कुराको मास्लोले विरोध गर्छन । मास्लोका अनुसार मानिसमा मानवियपनका माँगहरु फरक फरक हुन्छन् यिनै फरक फरक माँगका कारण मानिसले आफ्ना आफ्ना आवश्यकताहरुलाई प्राथमिकताको आधारमा संगठित गर्दछन् (शर्मा एण्ड शर्मा, २०६४) ।

माथिको भनाइबाट के प्रष्ट हुन्छ भने मानिसका आवश्यकताहरु असिमित हुन्छन् । मानिस आफ्ना आवश्यकता पुरा गर्न हरेक क्रियाकलाप गरिरहेको हुन्छ । त्यस्ता क्रियाकलापहरु कसैका राम्रा र कसैका नराम्रा हुन्छन् । त्यसैले आफ्ना आवश्यकताहरुलाई सहि ढंगबाट अगाडि बढाउन आवश्यक छ ।

आज वालवालिकाहरुको शिक्षा स्वास्थ्य पोषण जस्ता कुराहरु आजका आधारभूत अधिकार हुन् । आधारभूत आवश्यकतामा पहिला आवश्यकता गाँस वास कपडा र आवास जस्ता शारिरिक आवश्यकताहरु पुरा गर्न सक्दैनन्, यस्ता बालवालीकालाई आधारभूत वाल अधिकारका कुरा उपलब्ध हुदैनन् । आवश्यकहरु असिमित हुन्छन् । सिमित स्रोत साधनले आवश्यक पुरा गर्नु पर्ने हुन्छ । जीवनका लागि आवश्यक पर्ने हावा, पानि, कपडा, वास जस्ता आवश्यकता पुरा भएपछि स्वास्थ्य शिक्षा सहभागि र संरक्षणका कुरा मास्लोको मानवतावादी दृष्टिकोण अनुसार ग्रामीण समुदायमा विद्वान वालवालीकाहरु शिक्षाको ज्वलीबाट वन्चित रहेका छन् ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनलाई अगाडि वढाउनको लागि विभिन्न विद्वान शिक्षाविध, अनतरवार्ता आदी लेख रचनाबाट सभाव गर्रीएको हुन । यिनै लेख रचनाबाट यो सोधकार्य अगाडि बडाइएको छ ।

अभिभावकलाई स्वागत गरै शिर्षकमा साचै नै अभिभावकलाई विद्यालय र आफ्ना केटाकेटीको पढाई सम्बन्धमा कुनै मतलव नभएको होत ? मलाई लाग्छ आम अभिभावक माथी लगाएको यो आरोप सहि होइन समाजको वदलिदो स्वभाव हेर्दा लाग्छ, नेपालीलाई सवैभन्दा धेरै मतलव भएको कुरा नै आफ्ना सन्तानको पढाइ हो । मानिसहरु ऋणपान गरेर भएपनि छोराछोरीलाई पढाएका छन् । हजारै हजार नेपाली छोराछोरीका लागि भन्दै गाउँ गाउँ मात्र होइन मुलुक समेत छोडेका छन् छोराछोरीलाई समर्थ बनाउन आफ्ना रहर र आवश्यकताहरु विशिष्ट रहेका छन् । त्यसो भए किन आउँदैनन् त अभिभावक आफ्ना छोराछोरी पढन स्कुलमा ? बोडिङ, स्कुलले बोलाउने वित्तिकै खुस्क पुग्ने नेपाली अभिभावक सरकारी स्कुलको भेलामाचै किन जादैनन् ? के मान्छेले आफ्ना छोराछोरी लाई गर्ने माया पनि उनिहरुको फी तिर्ने क्षमतामा भर पर्दछ (शर्मा, २०७०) ।

माथिको भनाइबाट के प्रष्ट हुन्छ भने आज अभिभावकहरु आफ्नो रहरले सामुदायिक विद्यालयबाट आफ्नो नानीहरुलाई नपढाउनेभन्दा पनि सामुदायिक विद्यालयको विश्वास र त्यहा गरिने क्रियाकलापको कारण्ण अभिभावकहरु निजी स्कुल रोज्न बाध्य भएका छन् ।

यदि सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा दिने हो भने किन अभिभावकहरु विचलित हुने ।

समुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या शिर्षकमा गर्नु भएको अध्ययन अवलोकन, विश्लेषण  तथा छलफल र अन्तरक्रियाबाट के प्रष्ट भयो भने सामुदायिक विद्यालयहरु नीजी विद्यालय वरावर व्यवस्थित र आकर्षक हुन सकेका छैनन् निजी विद्यालयले यातायातको सुविधा दिएको छ भने त्यहाँ बस्ने खानेको पनि व्यिवस्था छ । जुन कुरा सामुदायिक विद्यालयमा पाइदैन सामुदायिक विद्यालयहरुले प्रदान गरिरहेका छन् । सामुदायिक विद्यालयमा पढाई लेखाइको वातावरण त्यति राम्रो नहुनुले त्यसको विकल्प खोज्न विद्यार्थी अभिभावक वाध्य छन् । शैक्षिक वातावरण र सुरक्षाको स्थिति अपेक्षा अनुसार नहुनाले सामुदायिक विद्यालयमा अनुशासन तथा नियन्त्रणको व्यवस्थामा प्रभावकारिता देखिदैन आवश्यकता अनुसार अनुगमन निरिक्षण हुने निजी विद्यालयको पढाई लेखाईमा प्रभावकारीता हुने हुदाँ त्यसतर्फ विद्यार्थीहरु आकर्षित भएको देखिन्छ । समुदायिक विद्यालय पुन धेरै समय लाग्ने हुँदा विद्यार्थीहरु नजिकका निजी विद्यालयमा जान रुचाएको कारण सामुदायिक विद्यालयमा विद्यार्थी भर्नामा कमी आउन थालेको प्रष्ट हुन्छ (भट्टराई, २०६९) ।

निष्कर्षमा भन्नु भर्दा वर्तमान समयमा अभिभावकहरुको आकर्षण निजी विद्यालयमा देखिन्छ । निजी विद्यालयमा धेरै थोकको सुविधा पाउन सकिन्छ । विद्यार्थीहरुले के त सरकारी विद्यालयहरुमा निजी विद्यालयको जस्तो सुविधा दिन सकिदैन त ? प्रश्न खडा भएको छ । के सामुदायिक विद्यालय यसरी नै लाहाचार बनि रहने त ? कि सुधारमा जाने प्रश्न खडा भएको पाउन सकिन्छ ।

सामुदायिक विद्यालयमा पढाइको स्तर घटनामा के शिक्षक दरवन्धी कम भएर होत विद्यालय तहमा शिक्षक व्यवस्थापन चुनौति र भावि दिसा शीर्षकमा उल्लेख गर्नुहुन्छ । सवै प्रकारका सामुदायिक विद्यालयमा शिक्षकको विवरण हेर्दा प्राथमिक तहमा १,१६, ४७१ मध्ये ४०,१७५ (३४.५%) महिला रहेका छन् भने निम्न माध्यमिक तहमा २७९३६ मध्ये ४,८२८ ( १७.३%) महिला रहेका छन् । त्यस्तै आधारभूत तहमा १,४४,४०७ शिक्षक मध्ये ३१.२% अर्थात ४५,००३ महिला रहेका छन् माध्यमिक तह (९-१०) मा १८,१८६ मध्ये १,९०७ ( १०.४८) महिला रहेका छन भने उच्च माध्यमिक तहमा १०, ७८४ मध्ये ३४६ (३.४२%)

महिला रहेका छन् । त्यस्तै माध्यमिक तह ९-१२ मा २८, ९७० शिक्षक मध्ये ७.७७% अर्थात २,२५३ महिला रहेका छन् (बराल, २०६७) ।

माथिको तथ्याङ्कलाई अवलोकन गर्ने हो भने सामुदायिक विद्यालयमा शिक्षक दरवन्दी पनि कम देखिदैनन् । किन त सामुदायिक विद्यालयमा पढाइको स्तर कमजोर बन्दै गएको छ । यसको खोजीकार्य गर्न अत्यन्त आवश्यक देखिन्छ ।

सामुदायिक विद्यालय र त्यहाँको राजनैतिक भन्ने शीर्षकमा उल्लेख गर्नुहुन्छ । शिक्षक समुदायि सरकारी र विद्यार्थी पक्षको सहकार्य, समन्वय र अन्तर सम्बन्धले नै विदयालय र त्यहाँका विद्यार्थीहरुको भविष्य निर्धारण गर्ने सक्दर्छ । वालमैत्री अनिवार्य शिक्षा, ज्ञान र सिपको सुनिश्चितता भन्ने नाराका साथ सक्षरता दिवस मनाइ रहदा शिक्षाको अग्रगति विकाश राणा शासनको अन्त्य र अरु बढी विकाश २०६४ को जना आन्दोलन पछि भएका देखिन्छन् । देशको मेरुदण्ड भए पनि राज्यले नीति नियम ल्याउन सकेको छैन प्राथमिकतामा शिक्षालाई राज्यको नराखेकै कारण एकै प्रकृतिका पाठ्यक्रम लागु भएका सामुहिक र संस्थागत विद्यालयको नतिजा हेर्ने हो । भने त्यहाँ ठुलो खाडल देखिन्छ । शिक्षाको गुणस्तर बृद्धि गर्न शिक्षक अभिभावक विद्यार्थी र सरकार एक जुट हुन आवश्यक देखिन्छ । आज देशको आवश्यकता सहकार्य समन्वय र अन्तरसम्बन्धि नै सामुदायिक विद्यालयको भविष्य निर्माणको बाटो हो गुणात्मक दृष्टिकोणले मूल्याङ्कन गर्ने हो भने हाम्रा सामुदायिक विद्यालयमा शिक्षा दहनिय वन्दै जानु, अर्थ दक्ष शिक्षक र तालिम नपाएर होइन सामुदायिक विद्यालयका शिक्षकहरुको जागिरको ग्यरेन्टी र उहाँहरुको बढ्दो राजनैतिक लगावका कारण विद्यालयको गुणस्तर खर्चकेको हो विद्यालयमा सरोकारवालाको क्षमता जिम्बेवारी वृद्धी गरि शिक्षा क्षेत्रलाई सिष्टममा ल्याउनुपर्ने हुन्छ ।

विद्यालय भनेको पढ्ने र पढाउने थलोमा गरिएको राजनैतिले शिक्षक पनि अछुतो रहन सक्दैन जसका कारण समुदायिक विद्यालयको गुणस्तर खस्केको हो । समाजमा गुरुजन प्रतिको आस्थाको भावना घट्नुमा गुरुहरुको व्यवहार नै भन्न सकिन्छ शिक्षा त्यो चिज हो जसले मानवका हरेक दुगुणलाई ३ वटा विस्तापित गरी सुद्ध सफा र पवित्र गुणको स्थापना गर्दछ (नेपाल, २०७१) ।

आज हरेक चिजमा राजनैतिक शब्द घुसेको छ । भान्सा देखी सडकसम्म राजनैतिक विसंगतिले गर्दा शिक्षा क्षेत्र पनि अधुरो रहन सकेन । विद्यालयमा प्र.अ. र शिक्षकले गर्ने

राजनीतिले कलिला बालबालिकाहरुको भविष्य अन्धकारमा धकेलिदै छ । अभिभावकको मन धमिलिदै छ । सामुदायिक विद्यालय धमाधम बन्दको अवस्थामा छन् । अब त सोच्ने हो ?

## २.३ अध्ययनको उपादेयता

यस अध्ययनको लागि प्रयोग भएका वैज्ञानिक व्यवस्थापनको सिद्धान्त Scientific Management Theory) र मानव सम्बन्ध सिद्धान्त (Human Relation theory) ले फरक फरक धारणा प्रस्तुत गरेतापनि अन्ततोगत्का संगठनको उत्पादन वृद्धि गरेर संगठनलाई बलियो पार्न विशेष जोड दिएका छन् । यस प्रकार यि सिद्धान्तहरु कामदारलाई प्रोत्साहन गरी उद्योगको उत्पादन बढाउने मान्यतामा आधारित भए पनि शिक्षा क्षेत्रको व्यवस्थापनमा यिनको प्रयोग हुँदा जुन उपलब्धिहरु शिक्षा क्षेत्रले पाचो त्यसैका आधारमा मेरो अध्ययनबाट आएका प्राप्तिहरुको व्याख्या विश्लेषण गर्न मद्धत पुग्यो ।

उदाहरणको लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुरुप शैक्षिक योजना निर्माण गरि योजना अनुसारका मानविय, भौतिक स्रोत र साधनहरुको पहिचान भएको छ छैन, विद्यालय व्यवस्थापन समितिको कार्यदक्षता अभिवृद्धिका लागि अभिमुखिकरण तालिमको व्यवस्था गरिएको छ छैन, मुल्याङ्कन कस्ता प्रविधिहरुको विकाश गरिएको छ भन्ने जस्ता विषयवस्तु उपर गहिरो अध्ययन गर्न सहयोग पुऱ्यायो । त्यसैगरी मानव सम्बन्ध सिद्धान्त अनुरुप विद्यालयको विकाशमा सरोकारवालाहरुको सहभागिता कस्तो छ ? विद्यालय अभिभावक र स्थानीय समुदायको सम्वन्ध कस्तो रहेको छ । आडि जस्ता प्रश्न उपर खोजि गर्ने यस सिद्धान्तको प्रयोगले सहयोग पुऱ्यायो ।

विद्यालयसँग सम्बन्धित विविध पक्षहरुलाई समेटि अलग-अलग क्षेत्रमा गरिएका महत्वपूर्ण अध्ययनहरुले देखाएका निष्कर्षहरु र यस अध्ययनका लागि प्राप्त भएका प्राथमिक र द्वितीय तथ्याङ्कहरुको विश्लेषणबाट प्राप्त प्राप्ति लाई तुलना गर्दै अध्ययन कार्यलाई अगाडि बढाउन र निष्कर्षमा पुग्न सम्बन्धित साहित्यको अध्ययनले सहयोग पुऱ्याएको छ । त्यसै गरी आगामी दिनमा सिक्षसँग सम्बन्धित कस्ता कस्ता कार्यक्रमहरु ल्याउदा सरोकारवालाहरु लाभावित हुन्छन् भने संकेत दिन पनि सम्बन्धित साहित्यको उपादेयताले महत्वपूर्ण भूमिका खेल्यो ।

## २.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा

यो अध्ययन वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र मानव सम्बन्ध सिद्धान्तमा आधारित छ। वैज्ञानिक व्यवस्थापन F.W. Taylor (1856-1917) द्वारा प्रतिपादन सिद्धान्त हो। Taylor ले बैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजेको छ। कुन काम गर्न दिएमा मानिसले राम्रो र किफायती ढंगले गर्न सक्दछ। भन्ने कुराको सही ढंगले जान्ने कला हो भनेका छन्। उनको सिद्धान्तमा व्यवस्थापनले आफ्नो स्थितिकार्य विश्लेषण, तालिम प्राप्त र उपयुक्त कामको व्यवस्थापन हुनु पर्नेजस्ता कुरामा जोड दिइएको छ। यो सिद्धान्तले कार्यको सिद्धान्तमा द्रतता बढाउने, दक्षता बढाउने, सहयोग र उत्पेरणा प्रदान गर्ने गर्दछ। मानव सम्बन्ध सिद्धान्त Prof. G. Elton Mayo (1880 – 1949) द्वारा प्रतिपादीत सिद्धान्त हो। कुनै पनि संगठनमा कार्य गर्ने हरुका बिच राम्रो सम्बन्ध भएमा कामको सम्पादन राम्रो र चाडो र स्तरिय हुने र त्यसको विपरितमा मानव सम्बन्ध भएमा कार्य सम्पादन ढिलो कम गुणस्तरीय हुने भन्ने कुरालाई जोड दिएको पाइन्छ।

Prof Frits Machlup ले शैक्षिक प्रयास उपभोग र लगानी मात्र नभएर यो वर्वादी हो। यसमा सहि ढंगबाट अगाडि बढाउन सके मात्र यसको सार्थक निष्कर्षमा पुग्न सकिन्छ। नत्र बालबालिकाहरुमा अभिभावकले गरेको लगानी खेर जाने कुरामा यो सिद्धान्त अगाडि बढेको पाउन सकिन्छ।

माथिको अध्ययनलाई हेर्ने हो भने विद्यालयमा शिक्षकको व्यवस्थापन, अभिभावकले आफ्ना छोराछोरीमा गर्दै आएको लगानी त्यसबाट पाउने प्रतिफल जस्ता विषय यिनै सिद्धान्तमा आधारित छ। विद्यालयमा प्र.अ. र शिक्षकको व्यवस्थापन अभिभावकको चासो बढाउन सके वैज्ञानिक र मानव सम्बन्धको स्थापना गरी कार्यको बाडफाड गर्न सकिएमा विद्यालयको प्रगति र उन्नती द्रुत गतिमा बढ्नेमा दुई मत छैन।

किनकी, विद्यालय सुधार गराउनेपक्ष भनेको नीति निर्माण कर्ता, योजनाकार, प्र.अ., शिक्षक, र अभिभावक नै हुन। त्यसैले नीति निर्माण कर्ता, योजनाकार, प्र.अ., शिक्षक, अभिभावक बीचको घनिष्ट सम्बन्ध स्थापना गर्न सक्नुपर्छ। यहि कुरालाई मनन गरी व्यवस्थापन मातहतका कर्मचारीलाई वैज्ञानिक ढंगले काम दिइ मानव सम्बन्धको स्थापना गराई बढी भन्दा बढी कार्य सम्पादन दक्ष जनशक्ति उत्पादन, शैक्षिक उपलब्धी हासिल गर्न सक्नु पर्छ।

# परिच्छेद तीन : अध्ययन विधि र प्रकृया

यस शोध कार्यलाई अगाडि बढाउन अभिभावकको हेराइमा सामुदायिक विद्यालय वास्तविकता पत्ता लगाउने साथै तथ्याङ्क संङकलन र विश्लेषण प्रकृयालाई व्यवहारिक वस्तुनिष्ठ र उपयोगी बनाउन प्रस्तुत अध्ययन निम्न विधिहरुको अधिनमा रहि कार्यलाई अगाडि बढाइएको छ ।

## ३.१ अध्ययनको ढाँचा र विधि

यो अध्ययन कार्य गुणात्मक र परिणात्मक दुवै ढाँचाबाट निर्देशित रहेको छ । अध्ययनको उद्देश्य पुरा गर्नको लागि छनोट गरिएका विषय विद्यालयमा पुगी सरोकारवलासँग भेट गरी छलफल अन्तरवार्ता, प्रश्न उत्तर र स्थल अवलोकन जस्ता विधिहरु अपनाइएको छ । प्राप्त सुचनाहरु वर्णनात्मक रुपबाट विश्लेष्ण गरिएको छ ।

## ३.२ जनसंख्या, नमुना र नमुना छनोट रणनीति

यस अध्ययनका क्रममा तेह्रथुम जिल्लाको मोरहाङ स्रोत केन्द्र अन्तरगत २१ वटा विद्यालयहरु मध्ये श्रीजुङ गा.वि.स. का ४ विद्यालयका ४ जना प्र.अ. ४ जना शिक्षक प्रत्येक विद्यालयबाट ४/४ जना विद्यार्थी र प्रत्येक विद्यालयका विद्यार्थीका ६/६ जना दरले २४ जना अभिभावकहरु यस अध्ययनका नमुना तथा रणनितिका रुपमा रहेका छन् ।

## ३.३ अध्ययनको क्षेत्र

यो अध्ययन तेह्रथुम जिल्ला मोराहाङ स्रोत केन्द्र अन्तरगत श्रीजुङ्ग गा.वि.स. ४ वटा सामुदायिक विद्यालय सँग सम्बन्धित भएर गरिएको हुँदा अध्ययनको क्षेत्र निम्न अनुसार गरिएको छ ।

तालिका एक : नमुना क्षेत्र

| क्र.सं. | विद्यालयको नाम | प्र.अ. | शिक्षक | अभिभावक | विद्यार्थी |
|---|---|---|---|---|---|
| १ | श्रीजुङ्ग मा.वि. | १ | १ | ६ | ३ |
| २ | कालीक आ.वि. | १ | १ | ६ | ३ |
| ३ | युवावर्ष आ.वि. | १ | १ | ६ | ३ |
| ४ | आसिने आ.वि. | १ | १ | ६ | ३ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस अधययनमा साधन र तरिका रुपमा प्रश्नावली, अन्तरवार्ता, अवलोकनको प्रयोग गरि तथ्याङ्क सङ्कलन गरिने छ। यसको निर्माण सम्बन्धी विद्यालयमा पुगी विद्यार्थीका अभिभावकको तथ्याङ्क लिइ अध्ययनकर्ताले नै सम्बन्धित स्कुलमा पुगी तथ्याङ्क संकलन गरिएको छ।

## ३.५ तथ्याङ्क संङ्कलन प्रकृया

अध्ययनका क्रममा आवश्यक सुचना संकलनको लागि अनुसन्धानका विविध साधनको प्रयोग गरि अनुसन्धान कर्ता आफै निर्धारित स्थलमा पुगी तथ्याङ्क संकलन गरिएको छ। यसमा लिखित मौखिक, अवलोकन, सुचना संकलन आदि गरिएको छ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

यस अध्ययनमा तथ्याङकको संकलन पश्चात संकलित तथ्याङ्क र सुचनाहरुलाई तथ्याङ्ग संकलनको स्रोत र विषय वस्तुको आधारमा तालिकी करण गरिने छ। आवश्यकता अनुसार वर्णन तथा व्याख्याबाट विश्लेषण गरिने छ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

सामुदायिक विद्यालयमा अभिभावकको संलग्नताले विद्यालयको शैक्षिक/भौतिक पूर्वधार मात्र होइन वालवालिकाको उपलब्धी सुधारमा समेत महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यालय सफल र असफलताका लागि अभिभावक अत्यन्तै जिम्वेवार निकायको रुपमा हेरिन्छ । किनकि उनिहरु आफ्ना वालवालिका प्रतिको कम चिन्ता र चासोले गर्दा आज सामुदायिक विद्यालयको गुणस्तरमा प्रश्न चिन्ह खडा हुँदै आएको छ । अभिभावको हेराईमा सामुदायिक विद्यालय कस्तो छन् ? भन्ने प्रश्नमा रहि यो अध्ययनलाई अगाडि वढाइएको हो । यो अनुसन्धानका लागि तेह्रथुम जिल्ला मोराङङ श्रोत केन्द्र अन्तरगत रहेका श्रीजुङ गा.वि.स भित्र रहेका तिन आधारभूत र एक माध्यमिक गरी ४ विद्यालयमा रहेका कक्षा ५ मा अध्ययनरत प्रत्येक विद्यालयका ८, ८ जना विद्यार्थीका अभिभावकलाई ३५ ओटा प्रश्न निर्माण गरी प्रत्यक्ष भेटघाट गरि प्रश्नावली तथा अन्तरवार्ता वाट तथ्याङ्क संकलन गरि विश्लेषणको प्रयास गरिएको छु ।

## ४.१ अभिभावकहरुको सामुदायिक विद्यालय प्रतिको दृष्टिकोण

तालिका २ अभिभावकहरुले सामुदायिक विद्यालय प्रतिको दृष्टिकोणमा दिएका जवाफहरु

| क.स. | अभिभावकको विचार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालय भनेको थाहा भएन | | १ | १ |
| २ | निजी स्कुल हो । | १ | | १ |
| ३ | नानीहरुले पढ्ने ठाउँ | | १ | १ |
| ४ | थाहा छैन | १ | | १ |
| ५ | समुदायमा हस्तान्तरण भएका | | १ | १ |
| ६ | सरकारले सञ्चालन गरेको | | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| ७ | पढ्ने ठाउँ | १ | | १ |
| ८ | सरहरुले पढाउने ठाउँ | | १ | १ |
| ९ | सर मिसहरुले पढाउने ठाउँ होला | १ | | १ |
| १० | पढाउने ठाउँ | १ | | १ |

स्रोत : स्थलगत सवेक्षण २०७३

सामुदायिक विद्यालयमा अभिभावकको हेर्ने दृष्टिकोण नकारात्मक बन्दै गएको देखिन्छ । सामुदायिक विद्यालय भनेको को हो ? भने प्रश्नमा अभिभावकहरु पढ्ने ठाउँ भने जवाफ दिएका थिए केहि अभिभावकले सरकारले संचालन गरेको विद्यालय हो भनि जवाफ दिएका थिए २ अभिभावकले सरकारले समुदायलाई हस्तान्तरण गरेका विद्यालयले सामुदायिक विद्यालय हो । सरहरुले पढाउने ठाउँलाई सामुदायिक विद्यालय भनिन्छ भन्ने जवाफ दिएका थिए ।

वास्तवमा सामुदायिक विद्यालय भन्ने प्रश्नमा धेरै अभिभावक अनविज्ञताले यहाँका अभिभावकको चेतना स्तर निकै कम्जोर भएको देखिन्छ । अभिभावकको चेतना स्तर उच्च हुन आवश्यक छ किनकी रक्षानमा खुर्सानीको विऊ छरेपछि उम्रियो कि उम्रिएन भनेर हामी हरेक दिन हेर्न जान्छौ । तर आफ्ना छोराछोरीलाई विद्यालयमा भर्ना गरेपछि के गर्दैछन्  के सिक्दैछन् भनेर कहिल्यै फर्केर हेर्न जाँदैनौ । विद्यालयको सुधार वालवालिकाको पढाइ दुवैको निम्ती अभिभावकको यो प्रवृत्ति दोषि छ । सुधारको सुरुआत यहिबाट हुनुपर्छ (जोसी, २०७०) ।

## ४.२.१ अभिभावकको शिक्षण सिकाइप्रतिको दृष्टिकोण

तालिका ३ अभिभावकले शिक्षण सिकाइप्रति दिएको जवाफ

| क.स. | अभिभावकको विचार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | खै के थाहा | | १ | १ |
| २ | स्कुलमा हेरविचार गर्नु | १ | | १ |
| ३ | राम्रो पढाइ दिनु पर्‍यो | | १ | १ |
| ४ | टि.भी. नहेरी पढ्नु पर्‍यो | | १ | १ |
| ५ | नानीहरुको पढाइको बारेमा शिक्षकले बुझ्नु पर्‍यो | | १ | १ |
| ६ | ध्यान दिएर पढ्नु पर्‍यो | १ | | १ |
| ७ | शिक्षकले नानीहरुको बारेमा थाहा दिनु पर्‍यो | | १ | १ |
| ८ | गाली गरेर पढाउनु पर्‍यो | १ | | १ |
| ९ | फकाएर पढाउनु पर्‍यो | | १ | १ |
| १० | मलाइ त थाहा छैन | १ | | १ |

स्रोत : स्थलगत सवेक्षण, २०७३

माथि उल्लेखित उत्तरलाई हेर्दा शिक्षा प्रति कसैलाई केहि थाहा नभएको गृहकार्य दिनु पर्ने, कन्ट्रोल गर्नु पर्ने, टि.भी. नहेरी पढ्नु पर्ने, शिक्षकले राम्रो पढाउनु पर्ने, छोराछोरीको स्कुलमा हेरचाह गर्नु पर्ने, जस्ता जवाफ पाउन सकिन्छ। यहाँ अभिभावकहरुलाई गरिएको प्रश्नमा तपाइहरु कहिले काही स्कुल जानु हुन्छ। भन्ने प्रश्नमा १ महिला १ पुरुष नगएको जवाफ दिनु हुन्छ। २ पुरुषले कामले नभ्याएको, १ पुरुष १ महिला कहिले काही जाने गरेको १ महिला अव जानु पर्ला भन्ने जवाफ दिएको पाइयो। यहाँ आफ्ना नानीहरुको पढाइमा धेरै अभिभावकहरु निस्क्रिय र थोरै अभिभावकहरुमात्र सक्रिय रहेको पाइयो। शिक्षकले कुन विधिको प्रयोग गर्नुहुन्छ भन्ने प्रश्नमा २ महिला ३

पुरुषले विद्यार्थी केन्द्रित ३ महिला १ पुषले थाहा छैन १ महिला १ पुरुषले पढाउनु हुन्छ ३ पुरुष म त विद्यालय गएकै छैन  १ महिला निरीक्षण गरेकै छैन १ पुरुष पढाएको हेरेकै छैन २ महिला नानीहरुले भनेको राम्रो नै पढाउनु हुन्छ अरे । शिक्षकले कक्षामा नानीहरुलाई पाठ बुझ्ाउन लगाउनु हुन्छ १ पुरुष १ महिला थाहा नभएको, २पुरुष १ महिला लगाउनु हुन्छ होला, १ महिला १ पुरुष लगाउनु हुन्छ अरे, १पुरुष १ महिला लगाउनु हुन्छ । २ पुरुष १ महिला पढाउने लेखाउने गर्नु हुन्छ अरे भन्ने जवाफ दिएको पाइयो । नानीहरुकोबारेमा शिक्षकले केहि जानकारी दिनु भएको छ ? भन्ने प्रश्नमा १ महिला १ पुरुष थाहा छैन , १ महिला १पुरुष सोध्न गएकै छैन । १ महिला अहिले सम्म थाहा छैन । १पुरुष जानकारी दिएको भए राम्रो हुन्थ्यो भन्ने जवाफ पाइयो ।

यस अध्ययनमा यस क्षेत्रका ३२ अभिभावकको शैक्षिक योग्यतालाई अध्ययन गर्दा धेरै अभिभावक अनौपचारिक शिक्षाबाट नाम मात्र लेख्न सक्ने देखिन्छ भने कम अभिभावकले मात्र औपचारिक शिक्षा लिएको पाइन्छ । यो अध्ययनले अभिभावक आफ्ना वालवालिका प्रति चिन्ता र चासो कम हुन सक्दर्छ । त्यसकारणले सामुदायिक विद्यालय प्रति अभिभावकको हेराई पनि कम भएको हुनु पर्छ ।

## ४.२.२ कक्षा शिक्षण प्रति अभिभावकको दृष्टिकोण

तालिका ४ कक्षा शिक्षणमा अभिभावकले दिएका जवाफहरु

| क.स. | अभिभावकको विचार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | कलम कापी किन्दीनु हुन्छ | १ | | १ |
| २ | नानीहरु विद्यालय जान्छन् | | १ | १ |
| ३ | सरहरुले गृहकार्य दिनुहुन्छ | १ | | १ |
| ४ | सरले गृहकार्य हेर्नुहुन्छ | | १ | १ |
| ५ | नानीहरु पढ्न रुचाउछन् | | १ | १ |
| ६ | विद्यालयमा नानीहरुको मूल्याङ्कन हुन्छ | १ | | १ |
| ७ | थाहा हुन्छ | | १ | १ |
| ८ | कहिले काही पढाउनु हुन्छ होला | १ | | १ |
| ९ | हुन्छ | | १ | १ |
| १० | दिनुहुन्छ होला | १ | | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

अभिभावकलाई कक्षा शिक्षणको विषयमा तयार पारिएको प्रश्न गर्दा अभिभावकको उत्तर यस प्रकार रहेको छ। नानिहरु विद्यालय जान्छन् ? भन्ने प्रश्नमा अभिभावकहरु नियमित जाने गरेको वताउनुहुन्छ। तर यो तथ्याङ्क संकलनको क्रममा कक्षामा विद्यार्थीसँग कम भएको प्रश्नमा प्र.अ कति वालवालीका नियमित नआउने वताउनु हुन्छ।

कपि कलम किनिदिनु भएको छ ? भन्ने प्रश्नमा सवै अभिभावक आफ्ना नानिलाई कापिकलम किनिदिएको वताउनुहुन्छ। सरले गृहकार्य दिनुहुन्छ। भन्ने प्रश्नमा ३ महिला र

४ पुरुषले दिनुहुन्छ। २ पु.अ. ३ म.अ. खे हेर्ने र सोध्ने गरेकै छैन १ पु.अ २ म.अ. दिने गर्नुभएको होला भने जवाफ दिनु हुन्छ।

आफ्ना नानिहरुको पढाईको वारेमा बुझ्न विद्यालय जानुभएको छ। २ प्र.अ. १ महिला अ. ले कहिलेकाही जाने गरेका छन्। भन्ने जवाफ दिनुहुन्छ भने धेरै अभिभावकले बुझ्को लागि विद्यालय नगएको वताउनुहुन्छ। ४ म.र २ पु.अ.ले सर लाई नचिनेको जवाफ दिनुहुन्छ। नानिहरु पढ्न रुचाउनछन् कि, खेल्न : भन्ने प्रश्नमा ५ म.अ. र ४ पु.अ. खेल्न रुचाउने गरेको वताउनुहुन्छ भने २ पु.अ. २ म. अभिभावक पढ्न वस्ने गरेको वताउनु हुन्छ।

विद्यालयमा नानिहरुको मूल्याङ्कन कसरी हुन्छ ? भन्ने प्रश्नमा २ पु. १ म. जाँच लीएर ३ म. थाहा छैन। २ पु.१ महिला राम्रो सँग पढेका ३ पु २ म. परिक्षामा पास गरेर १ म. राम्रो सँग पढेर होला नी भन्ने जवाफ दिनुभएको छु। यो भनाई हेर्दा अभिभावकलाई विद्यालयको मूल्याङ्क प्रकृया धेरैलाई थाहा नभएको प्रष्ट हुन्छ।

शिक्षकले गृह कार्य हेर्नु हुन्छ कि हुँदैन ? भने प्रश्नमा ६ प्र. ४ म. हेर्नुहुन्छ होला १ पु. १ म. हेर्नुहुन्छ। ३ पु.२ म. थाहा छैन। २ पु. १ महिला गृहकार्य नै दिनुहुन्छ के हेर्नु भने जवाफ दिनुहुन्छ। यहाँ शिक्षकले गृहकार्य नदिने र अभिभावक पनि यसबाट अनविज्ञताको संकेत देखिन्छ।

विद्यालयले नानिहरुको पढाईको विषयमा केहि जानकारी गराएको छ। यस प्रश्नमा सवै अभिभावक पढाईको विषयमा कुनै जानकारी नभएको वताउनु हुन्छ।

शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गर्नु हुन्छ कि हुँदैन थाहा छ ? भने प्रश्नमा ५ पु.अ ४ म. गर्नुहुन्छ होला ३ पु. २ म. थाहा भएन १ पु. १ म. गर्नुहुन्छ १ म. चित्र देखाउनु हुन्छ होला। यसबाट के थाहा हुन्छ भने शिक्षकले शैक्षिक सामग्रीको प्रयोग नभएको देखिन्छ।

नानिहरुले कहिलेकाहि पुरस्कार ल्याउछन् ? भन्ने प्रश्नमा आधा अभिभावकहरु कहिले काहि ल्याउने गरेको र आधाले ल्याउने नगरेको वताए। विद्यालय कति वजे छुट्टी हुन्छ भन्ने प्रश्नमा सवै अभिभावक सुक्रवार १ वजे र अन्यवार ४ वजे छुट्टि हुने वताउनु हुन्छ।

शनिवार नानिहरु के गर्दछन् ? भन्ने प्रश्नमा ६ पु. ५ म. काम गर्छन २ पु. १. म. नुवाई धुवाई गर्छन १ पू. १ म. खेल्न जान्छ भन्ने जवाफ दिनुहुन्छ ।

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा अधिकांश अभिभावक कक्षा शिक्षण प्रतिको चासो कम भएको प्रष्ट हुन्छ ।

## ४.२.३ प्र.अ. प्रतिको दृष्टिकोण

तालिका ५ पढाइ सुधार गर्न प्र.अ.ले के गर्नु पर्ला

| क.स. | अभिभावकको विचार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | विद्यालयमा कक्षामा कन्ट्रोल गर्नु पर्‍यो | १ | | १ |
| २ | दैनिक स्कुल आएको छ छैन हेर्नु पर्‍यो | | १ | १ |
| ३ | राम्रो पढाउनु पर्‍यो, कुट्नु भएन | | १ | १ |
| ४ | विद्यार्थीप्रति ध्यान दिनु पर्‍यो | १ | | १ |
| ५ | शिक्षकलाई गृहकार्य दिन निर्देशन दिन पर्‍यो | | १ | १ |
| ६ | खै के भन्नु थाहा छैन | १ | | १ |
| ७ | नजान्ने विद्यार्थीलाई कोचिङको व्यवस्था हुनु पर्‍यो | | १ | १ |
| ८ | फटाइ गर्नेलाई कारवाही हुनु पर्‍यो | | १ | १ |
| ९ | शिक्षकले पढाएकोनपाढाएकोअनुगमन गर्नु पर्‍यो | १ | | १ |
| १० | थाहा भएन | | १ | १ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

सामुदायिक विद्यालयमा अभिभावकहरु प्र.अ.लाई कसरी हेर्छन भन्ने कुरा थाहा पाउनुको लागि नानिहरुको पढाईमा प्र.अ.ले के गर्नु पर्ला ? भन्ने प्रश्नमा अभिभावकहरु १ पु. राम्रो पढाउनु भयो । २ म. कन्टोल गर्नुपर्‍यो १ पू विद्यार्थी दैनिक स्कुल आएको छ कि

छैन थाहा पाउनु पऱ्यो । १ म. राम्रो पढाउनुपऱ्यो कुट्नु भएन, १ पू. विद्यार्थी प्रति ध्यान दिनुपऱ्यो, १ म. शिक्षकले गृहकार्य दिए नदिएको जाँच गर्नुपऱ्यो, १ पू. विद्यालय नियमित आउनुपऱ्यो, १ म. खै के भन्नु मलाई थाहा छैन । १ पु. नजाने विद्यार्थीको लागी कोचिङको व्यवस्था गर्नुपऱ्यो । १ पू. फटाई गर्नेलाई कारवाई गर्नुपऱ्यो । १ म शिक्षकले पडाए नपढाएको अनुगमन गर्नु पऱ्यो । भन्ने जवाफ दिएका छन् ।

माथिको तथ्याङ्क विश्लेषण गर्दा अधिकांश अभिभावक प्र.अ.को काम कत्वय र प्र.अ. भूमिकाको वारेमा अनविज्ञता जस्तो देखिन्छन् । प्र.अ.ले विद्यालय प्रशासन व्यवस्थापनलाई प्रशासनिक भूमिका निर्वाह गर्नुपर्ने, समय समयमा कक्षा अवलोकन गर्नुपर्ने विद्यार्थी नियमितताको जाँच गर्नुपर्ने नआउने विद्यार्थीलाई अभिभावकलार्य जानकारी गराउनुपर्ने शिक्षकलाई प्रोत्साहन गर्नुपर्ने, वालमैत्री वातावरणमा शिक्षणको अवसर प्रदान गर्नुपर्ने समय समयमा अभिभावक भेला वोलाउनु पर्ने विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनुपर्ने, शिक्षकलाई पनि तालिमको अवसर दिलाउनुपर्ने विद्यालय सुधारका लागि सम्बन्धित निकायमा आवाज उठाउनुपर्ने । जस्ता विषय वस्तुमा जोड दिन आवश्यक छ ।

तालिका ६ विद्यालयको स्तर वृद्धि गर्न प्र.अ.ले कस्तो भूमिका खेल्नु पर्छ

| क.स. | अभिभावकको विचार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | प्र.अ.ले व्यवस्थापन राम्रो गर्नुपर्छ | १ | | १ |
| २ | प्र.अ. नियमित विद्यालय आएर कक्षा अवलोकनगर्नु पऱ्यो | | १ | १ |
| ३ | विद्यार्थीको वारेमा निगरानी राख्नु पर्छ नआउने विद्यार्थीको अभिभावकलाई जानकारी दिनु पर्छ | १ | | १ |
| ४ | सर मिस लाई राम्रो पढाउन निर्देशन दिनु पऱ्यो | | १ | १ |
| ५ | बिहान ढिलो र बेलुकाछिटो जाने शिक्षकलाई कन्ट्रोल गर्नु पऱ्यो | | १ | १ |
| ६ | ४५ मि. घन्टीमा अफिसमा बसेर १० मि. मात्र | | १ | १ |

| | | | | |
|---|---|---|---|---|
| | कक्षाकोठामा जानु भएन | | | |
| ७ | अभिभावकलाई पनि कहिलेकाही बोलाउनु पर्‍यो | १ | | १ |
| ८ | खै राम्रो पढाइदिए हुने थियो होला | १ | | १ |
| ९ | हेडसरहरु त्यति पढाउदैनन् शिक्षकलाई चाही पढाउन लगाइदिए हुन्थ्यो | | १ | १ |
| १० | विद्यार्थीलाई पुरस्कारको व्यवस्था मिलाई दिए राम्रो हुन्थ्यो | १ | | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिकालाई विश्लेषण गर्दा अभिभावकहरु प्र.अ.को विद्यालय प्रशासनप्रति सन्तुष्ट देखिदैनन् ।यहाँ विद्यालय प्रशासनको कारण शिक्षकहरु लापर्वाही हुने समयमा विद्यालय नजाने, बेलुका छुट्टी नभइ घरतिर जाने, विद्यालय आइहाले पनि अपिसमा गफ गरेर बस्ने ४५ मि. घण्टीमा १० मि. पनि कक्षाकोठामा गएर नपढाउने जस्ता समस्याहरु देख्न सकिन्छभने शिक्षक अनुशासीत नभएको समयको महत्व शिक्षकले नबुझ्केको अभिभावकहरु विद्यालय नआएको फाइदा लिइरहेको उल्टै अभिभावकले छोराछोरी विद्यालय पठाउनु पर्ने भन्ने जवाफ दिएर गैर जिम्मेवारी जवाफ दिएर पन्छीन खोजेको पाइयो । यहाँबाट के थाहा हुन्छ भने शिक्षकले जागिरमात्र खाने र विद्यालय गएर हाजिर मात्र गर्ने गरेको नपढाएको, प्रशान प्रति कडा हुनु पर्ने, विद्यार्थीको उपस्थिति नियमित हुनुपर्ने, अभिभावकको सोचाइमा अंग्रेजीमाध्यमबाट पढाइ हुनुपर्ने, सरोकारवाला पक्ष पनि अनुगमनमा जानु पर्ने, शिक्षकले सयम सुहाउदो परिवर्तन हुन सिक्नु पर्ने, प्र.अ.ले कक्षा अवलोकन गरी विद्यार्थीको निगरानी गर्नुपर्ने, अव अभिभावक विद्यालयमा होइन विद्यालय अभिभावकको घर दैलोमा जान सिक्नु पर्ने, विद्यार्थीहरुलाई पुरस्कारको उचित व्यवस्था गर्नु पर्ने जस्ता अभिभावकका विचारहरु पाउन सकिन्छ ।

## ४.२.४ शिक्षक प्रतिको दृष्टिकोण

तालिका ७ विद्यालयको स्तर वृद्धि गर्न शिक्षकले के गर्नु पर्ला

| क.स. | अभिभावकको विचार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | विद्यार्थीलाई कन्ट्रोल गर्नु पऱ्यो | | १ | १ |
| २ | विद्यार्थीलाई राम्रोसँग पढाउनु पऱ्यो | १ | | १ |
| ३ | राम्रोसँग सम्झाएर पढाउनु पऱ्यो | १ | | १ |
| ४ | विद्यार्थीले पनि सरले पढाएको कुरा ध्यान दिएर पढनु पऱ्यो | | १ | १ |
| ५ | सरले नकुटि पढाउनु पऱ्यो | १ | | १ |
| ६ | सरले स्कुल नपढाइ ट्युसन मात्र पढाउनु भएन | | १ | १ |
| ७ | सरहरुले मोबाइल मात्र खेलाएर बस्नु भएन | | १ | १ |
| ८ | सरहरु घाम तापेर मात्र बस्नु भएन पढाउनु पऱ्यो | १ | | १ |
| ९ | गृहकार्य दिनु पऱ्यो | १ | | १ |
| १० | सरहरु रक्सी खाएर विद्यालय आउनु भएन | | १ | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

सामुदायिक विद्यालयमा अभिभावकहरु शिक्षकलाई हेर्ने दृष्टिकोण कस्तो छ त र शिक्षकले विद्यालय स्तर वृद्धी गर्न के गर्नु पर्ला ? भन्ने प्रश्नमा अभिभावकको विचार यस्तो छ । १ पू. विद्यार्थीलाई कन्टोल गर्नुपऱ्यो, १ म. नानिहरुलाई राम्रैसँग पढाउनुपऱ्यो १ पु राम्रोसँग पढाउनु पऱ्यो । १ म. राम्रोसँग सम्झाएर पढाउनुपऱ्यो । १ पू सरले पढाउछन होला १ पू विद्यार्थीले पनि सरले पढाएको कुरालाई ध्यान दिनुपऱ्यो । १ म. सरले माया गरेर पढाउनुपऱ्यो कुट्नु भएन । १ पू. स्कुलमा पढाउदैन टिउसन चाही राम्रो पढाउछन् । १ म. थाहा छैन । १ पू मोवायल मात्र खेलाएर वस्तु भएन १ म खै घाम मात्र तापेर वस्नु हुन्छ

अरे १ पू कुनै सरहरु रक्सी खाएर विद्यालय आउनुहुन्छ अरे । १ म. गृहकार्य दिनुपर्‍यो । भन्ने जवाफ पाइन्छ ।

माथिको भनाईलाई विश्लेषण गर्दा साच्चै नै सामुदायिक विद्यालयमा शिक्षक गएर जिम्वेवारी रुपमा प्रस्तुत भएको झलक देख्न पाइन्छ । शिक्षक विभिन्न रुपबाट नेता हो त्यसैले शिक्षक सक्रिय भएर शिक्षण कार्यमा लाग्दा शिक्षण सुधार नहुने कुरै हुँदैन । विद्यार्थीहरु पढाइतिर उन्मुख नहुने प्रश्नै आउँदैन । तर सामुदायिक विद्यालयमा काम गर्ने शिक्षकले आफ्नो कतर्व्य भूलेका कारण हामी आफै समाजबाट आलोचित हुन पुगेका छौ । २०४६ सालयता सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर खस्किएको मात्र होइन, विद्यार्थीले गुणस्तरिय शिक्षा नपाएका कारण दक्ष नागरिक उत्पादन हुन/गर्न नसक्ता देश धेरै पछाडी धकेलिएको छ । विद्यार्थीले नपढ्दा अभिभावकहरु भन्ने गर्दछन् शिक्षकले नपढाएका कारण यस्तो भयो । शिक्षकहरु भन्छन् - विद्यार्थीहरुले नपढेका कारण यस्तो भयो । अभिभावकले शिक्षकलाई दोष दिने, शिक्षकले विद्यार्थीलाई । यथार्थ कसका कारण विद्यार्थीले नपढेका हुन् ? (श्रेष्ठ, २०७१) ।

यसरी अभिभावकको भनाइलाई र लेखको समिक्षा गर्दा सामुदायिक विद्यालयमा शिक्षकहरु आफ्नो कर्तव्यबाट विमुख भएको प्रष्ट देख्न सकिन्छ । यसलाई सुधार गर्न शिक्षक जिम्मेवार हुनै पर्छ ।

तालिका ८ शिक्षकले विद्यालयमा पढाउछन की पढाउदैनन्

| क.स. | अभिभावकको विचार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | केही ले पढाउछन् केहीले पढाउदैनन् | १ | | १ |
| २ | कोही आउछन् हाजीरी गरेर घरतिर जान्छन् | | १ | १ |
| ३ | पढाउछन् | १ | | १ |
| ४ | पढाउनु हुन्छ होला | | १ | १ |
| ५ | पढाउछन् | १ | | १ |

| | | | | |
|---|---|---|---|---|
| ६ | पहिले भन्दा अहिले अलिक पढाउछन् जस्तो लाग्छ | | १ | १ |
| ७ | स्कुल आएकै देखिन्छ पढाउछन् होला | | १ | १ |
| ८ | छोराछोरी पढाइ भयो भन्छन् | | १ | १ |
| ९ | पढाउनु हुन्छ | | १ | १ |
| १० | पढाउनु हुन्छ होला | १ | | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथि अभिभावकहरुको भनाइलाई विश्लेषण गर्दा अधिकांश शिक्षकहरु नपढाउने देखिन्छ भने शिक्षकको पढाइ प्रतिको विश्वास थोरै अभिभावकलाई मात्र भएको देखिन्छ । केहि अभिभावक प्रशासनको लापरवाहीले गर्दा पढाइको विषयमा शंका गर्नु हुन्छ । विद्यालयको पढाइ भनेकै शिक्षकको हातमा हुन्छ । कुनै शिक्षक पढाउने कुनै नपढाउनेले गर्दा पढाउने शिक्षकको पनि आत्म मनोवल गिर्दै जाने हुन्छ । स्कुल कस्तो हुनु भन्ने कुरा त शिक्षकको हातमा हुन्छ ।शिक्षकले तलवमात्र खाने हैनकी केटाकेटीको भविष्य प्रति सोच्ने बेला आएको छ । झन सामुदायिक विद्यालयको यो खच्कदो अवस्थामा शिक्षकको भूमिका अझ ठूलो हुदै गएको छ ।

## ४.२.५ विद्यार्थीको पढाइ प्रतिको दृष्टिकोण

तालिका ९ नानीहरुको पढाइ सुधार गर्न के गर्नु पर्ला

| क.स. | अभिभावकको विचार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | कामको कारणले महिले त ध्यान दिन भ्याएकै छैन | | १ | १ |
| २ | सरहरुले गृहकार्य दिनु पऱ्यो | १ | | १ |
| ३ | कक्षामा आएर गृहकार्य जाच्नु पऱ्यो | | १ | १ |
| ४ | स्कुलको वातावरण राम्रो हुनुपऱ्यो | | १ | १ |
| ५ | घरमा पढ भन्छौ | १ | | १ |
| ६ | कहिले काही किताव समाएर बस्छन् | | १ | १ |
| ७ | कहिले पढ्छन् कहिले खेल्नलाई भाग्छन् | १ | | १ |
| ८ | खै के गर्दा राम्रो हुन्छ भन्नु र | १ | | १ |
| ९ | विद्यार्थीलाई खुशी पारेर पढाउनु पऱ्यो | | | |
| १० | गृहकार्य जाच गर्नु पऱ्यो | | १ | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

सामुदायिक विद्यालयका अभिभावकहरु आफ्ना नानिहरुको पढाई प्रति कतिको चासो राख्दछन् त नानिहरु पढाई साधार गर्न के गर्नु पर्ला भन्ने प्रश्नको जवाफमा १ पू अभिभावक कामले गर्दा मैले पनि ध्यान दिन भ्याएको छैन विद्यार्थीले पनि ध्यान दिनुपऱ्यो, शिक्षकले दिएको गृहकार्य नियमित गर्नु भयो । १ म. सरले पढाउनुपऱ्यो गृहकार्य दिनुपऱ्या, माया गरेर पढाउनुपऱ्यो । १ पू विद्यार्थी कक्षामा आए न आएको जाँच गर्नुपऱ्यो, विद्यार्थी नआएमा जानकारी गराउनुपऱ्यो १ म. स्कुलको वातावरण राम्रो हुनुपऱ्यो घरमा पनि पढाउनुपऱ्यो । १ पू. नियमित गृहकार्य निदे जाँच गर्ने शिक्षकले निगरानी सरले पढाउने पढपढ मात्र भन्ने मात्र नभई पढाउने पनि ? १ म. खै के गर्दा राम्रो हुन्छ भन्न र ? १ पू

विद्यार्थीलाई खुसी पारिपढाउने १ म. शिक्षकले काम कहिले जाला घाँम भने उखान जस्तो गर्नुभएन ? छोराछोरीलाई कति समय दिनु हुन्छ भन्ने प्रश्नमा १ पुरुष समय दिन नभ्याएको १ महिला पढ भन्छौ, १ पुरुष कहिले काही किताब समाउछन् , १ महिला कहिले पढ्छन् कहिले भाग्छन् भन्नु हुन्छ ।

माथिका जवाफलाई विश्लेषण गर्दा अभिभावकहरु शिक्षक माथि सन्तुष्ट नरहेको विद्यार्थीलाई क्रियाशिल नवनाएको शिक्षण किसाइ क्रियाकलाप नियमित नगरेको अनुशासनको पाठ नसिकाएको गृहकार्य नियमित रुपमा नदिएको दिहाले पनि चेक गर्ने नगरेको कक्षामा विद्यार्थीको हेर विचार नगरेको जस्ता गुनासाहरु आएको छ । यसरी शिक्षकले आफ्नो र्कत्वयलाई विशिएको कारणले आज सामुदायिक विद्यालय अभिभावको नजरमा नराम्ररी गिर्न पुगेको तितो यथार्थ झल्कन सक्दछ ।

बालबालिकाका आदर्श व्यक्ति तीन जना हुदा रहेछन् । जन्म दिने आमा, जन्म दिने बाबा र उनीहरुलाई अध्यापन गर्ने शिक्षक, यीनले गरेका कामलाई बालबालिका आदर्शका रुपमा लिने गर्दछन् । तथापी हाम्रो परिवेशमा बालबालिकाका अगाडि बुबाआमा र शिक्षकले गर्ने काम र व्यवहार आदर्श भन्न लायक हुन सकेका छैनन् । यसले गर्दा बालबालिकामा यसको नकरात्मक प्रभाव पर्ने गर्दछ । दृष्टान्त दिएर भन्नु पर्दा कतिपय आमाले बच्चालाई सुताउने क्रममा “सुरुसुरु सुत नत्र बोक्सी आउछन्” भनेर तर्साउदा रहेछौ कतिपयले धेरैचकचक नगर जोगी आउर झोलामा हालेर लैजाला भनेर हप्काउदा रहेछौ । कतिपयले खाना खुवाउने क्रममा खाउ बाबु खाउ नत्र भुत्र आउछ भनेर तह लगाउदा रहेछौ । सानु बालकको मन मनमा उसको भावना र सदविचारको खेतीगर्न समयमा बोक्सी जोगी र भूतको विउ रोपी दिदा रहेछौ यसको प्रभाव बालकको सर्वाङ्गिण विकासमा नकरात्मक किसिमले दिर्घकाल सम्म पर्दो रहेछ । र हामीले गर्ने यस्तो व्यवहार पनि दुर व्यवहार अन्तर्गत नै पर्दो रहेछ । शिक्षाको आरम्भ नै यो नगर र त्यो नगर भन्दै नकारात्मक तरिकाले सुरु भए पछि विचरा सिकारु बालक सकारात्मक होस पनि कसरी ।

बालबालिकाको पढाइमा विद्यालयका शिक्षक देखि लिएर अभिभावकको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । अभिभावक आफ्ना छोराछोरीलाई घरमा पढाइको लागि त्यति चासो दिएको देखिदैन । किनकी विद्यालयको ६ घण्टा देखि वाकी १८ घण्टाको समय अभिभावकको हातमा हुनेहुँदा अभिभावकको भूमिका महत्वपूर्ण हुने देखिन्छ ।

## ४.२.६ अतिरिक्त क्रियाकलाप प्रतिको दृष्टिकोण

तालिका १० अतिरिक्त क्रियाकलाप प्रति अभिभावकको जवाफ

| क.स. | अभिभावकको विचार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | खेल्नु होला | १ | | १ |
| २ | नाच्ने उफ्रने कुद्ने होला | | १ | १ |
| ३ | थाहा छैन | | १ | १ |
| ४ | स्कुलमा खेल्ने | १ | | १ |
| ५ | स्कुलले खेलाउछहोला | | १ | १ |
| ६ | कहिलेकाही खेलाउछन् होला | | १ | १ |
| ७ | बोलाएका छैनन् | १ | | १ |
| ८ | कहिलेकाही बोलाउछन् | १ | | १ |
| ९ | शुक्रबार १ बजे छुट्टिट हुन्छ | | १ | १ |
| १० | शुक्रबार खेलाएको थाहा छैन | १ | | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

अतिरिक्त क्रियाकलाप भन्नाले के बुझ्नु हुन्छ भन्ने प्रश्नमा १ महिला खेल्नु होला, १ पुरुष खेल्ने उफले कुद्ने होला, १ महिला मलाइ त थाहा छैन खै के भन्नु, १ पुरुष स्कुलमा खेल्नु, अन्य क्रियाकलाप गर्नु, १ महिला स्कुलले खेलाउने कार्यक्रम होला, १ पुरुष विद्यालयमा कहिले काही खेलाउछन् अरे । त्यहि होला । त्यस्ता कार्यक्रममा तपाइलाई बोलाएका छैनन् ? भन्ने प्रश्नमा अभिभावकको भनाइयस्तो छ १ पुरुष कहिलेकाही बोलाउछन् १ महिला बोलाएको थाहा छैन । शुक्रबार कति बजे छुट्टीहुन्छ । भन्ने प्रश्नमा १ महिला १ बजे हुन्छ । शुक्रबार कहिले खेलाउदैनन् । १ महिला खेलाएको थाहा छैन । १ पुरुष खै थाहा छैन । भन्ने जवाफ दिएको पाइयो ।

माथिको भनाइलाई हेर्दा बहसख्यक विद्यालयमा अतिरिक्त क्रियाकलाप ज्यादै कम हुने गरेको छ । कतिपय अभिभावकलाई अतिक्ति क्रियाकलाप भनेकै थाहा छैन । शिक्षा नियमवाली २०५९ ले विद्यार्थीको चौतर्फी विकासको लागि ४ उपनियम १ बमोजिम अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा विद्यालयले देहायबमोजिमका प्रतियोयिगतामा विद्यार्थीलाई भाग लिन लगाउनु पर्नेछ ।

क) चित्रकला र हस्तकला प्रतियोगिता,

ख) बाद्यवादन प्रतियोगिता,

ग) नृत्य प्रतियोगिता,

घ) नाटक प्रतियोगिता,

ङ) बक्तृत्वकला प्रतियोगिता,

च) हाजिरीजवाफ प्रतियोगिता,

छ) हिज्जे प्रतियोगिता,

ज) खेलकुद प्रतियोगिता,

झ) साहित्य गतिविधि, कविता, र निवन्ध प्रतियोगिता

ञ) फुलबारी प्रतियोगिता

ट) अन्य प्रतियोगिता

यसरी प्रतियोगिता गराउनु पर्ने उल्लेख भए पनि आज अधिकांश विद्यालयले यी प्रतियोगिता गराएको पाइदैन । अधिकांश शिक्षक, प्र.अ.ले मात्र हैन अभिभावकले पनि अतिरिक्त क्रियाकलापलाई शाब्दिक अर्थ झै अतिरिक्त नै ठान्दछन् । गरेपनि हुने नगरेपनि हुने छिटपुट हुने क्रियाकलाप पनि केही गरेको देखाएर विद्यालय प्रति आकर्षण बढाउनका लागि मात्र गरिएको बुझ्न सकिन्छ । शुक्रबारलाई १ बजे पछि अतिरिक्त क्रियाकलाप गराउने भनिएता पनि आज यो विदा आदा विदाको रुपमा देखिएको छ । यसको मूलमर्म

अनुसार हरेक विद्यार्थीको सहभागिता सुनिश्चित गरेर अधिकांश विद्यालयले अतिरिक्त क्रियाकलाप गराउने विद्यालय ज्यादै कम मात्रमा पाउन सकिन्छ ।

## ४.२ विद्यालयलाई प्रभावित पार्ने तत्व

विद्यालयमा प्रभाव पार्ने तत्वहरुमा आर्थिक भौतिक शैक्षिक पक्षले ठुलो प्रभाव पारेको हुन्छ । विद्यालयको सञ्चालन, रेखदेख नियन्त्रण र व्यवस्थापन गर्नका लागि अधिकार प्रदान गरिएको छ । भन्ने प्र.अ.लाई विद्यालयको दैनिक प्रशासन, शैक्षिक व्यवस्थापन र नेतृत्वको जिम्मेवारी दिएको छ । यि दुवै पक्षको संयुक्त जिम्वेवारी र जवाफदेहिताको परिपालनबाट विद्यालयको व्यवस्थापन प्रभावकारी रुपमा हुन सक्छ । विद्यालयमा शिक्षक व्यवस्थापन, भौतिक व्यवस्थापन, शैक्षिक व्यवस्थापन विद्यालयको उत्तरदाहित्व, विद्यालय संचालन प्रकृयाले विद्यालयलाई ठुलो प्रभाव पारेको हुन्छ ।

### ४.२.१ विद्यालय व्यवस्थापनमा अभिभावकको दृष्टिकोण

विद्यालय सामाजिक संस्था हो । यसमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा शिक्षक विद्यार्थी प्रधानाध्यापक स्थानिय समुदाय, स्थानिय सङ्घसंस्था स्थानिय नियका, गैह्रसरकारी संस्था, स्रोत केन्द्र र जिल्ला शिक्षाकार्यलयको प्रत्यक्ष सम्वन्ध रहेको हुन्छ । यसमा स्थानिय अभिभावकले यसलाई कसरी बुभ्नुभएको छ । स्थलगत भ्रमणबाट आएको विचारलाई महिला अभिभावक र पुरुष अभिभावकमा प्रस्तुत गरिएको छ ।

### ४.२.२ विद्यालय व्यवस्थापनमा प्र.अ.को भूमिका

महिला अभिभावकलाई निम्न प्रश्नको आधारमा उवाहरुको विचारलाई प्रस्तुत गरिएको छ । तपाइका छोराछोरी पढ्ने विद्यालयको प्र.अ. को हुनुहुन्छ ? भन्ने प्रश्नमा ४ जनाले थाहानभएको ८ जनाले चिनेको वताउनु हुन्छ । कहिले काहि प्र.अ ले विद्यालय वोलाउँनुहुन्छ । भन्ने प्रश्नमा १ जना कहिले काई वोलाएको र ३ जनाले थाहा नपाएको

वताउन हुन्छ । ८ जनाले नवोलाएको वताउनुहुन्छ । विद्यालयको कार्यक्रममा जानुहुन्छ ८ जनाले गरेको वताउनुहुन्छ । ३ नगएको र २ जनाले कहिले काहिँ गएको वताउनुहुन्छ । प्र.अ.ले के गरिदिए विद्यालयको पढाई राम्रो हुन्छ । विद्यालयको वातावरण राम्रो वनाउनुपर्‍यो । समयमा शिक्षकलाई तालिममा पढाउनुपर्‍यो, शिक्षकलाई तलव खुवाउनु पर्‍यो, नानिहरुलाई फकाएर पठाउनुपर्‍यो ।

समय समयमा अभिभावक भेला गराउनु पर्‍यो नानिहरुलाई पुरस्कारको व्यवस्था गर्नुपर्‍यो, विद्यालय नियमित आउनुपर्‍यो । कोचिङको व्यवस्था मिलाउनुपर्‍यो जस्ता विचार राख्नु हुन्छ । धेरै महिला अभिभावकले विद्यालयको ठूलो मान्छे हो भनि जवाफ दिए भने केहि महिलाले थाहा नभएको जवाफ दिए नानिहरु डेक्समा वस्छनकि भुईमा ? भन्ने प्रश्नमा म. अ. डेक्समा वस्छन भनि वताउनुहुन्छ । व्यवस्थापन समितिले के गर्दा राम्रो हुन्छ । भन्ने प्रश्नमा शिक्षकहरुलाई राम्रो सल्लाह दिनुपर्‍यो, समयमा शिक्षक नियुक्त गर्नुपर्‍यो सवैको गुनासाहरु सुनिदिनुपर्‍यो समय समयमा पढाईको विषयमा छलफल गरि दिए राम्रो हुन्थीयो भन्ने गुनासा व्यक्त गरेका छन् ।

विद्यालयमा तपाईले कस्ता कस्ता कमि कमजोरी पाउनु भएको छ ? भन्ने प्रश्नमा शिक्षक नियमित नआउने आएपनि नपढाउने हाजिर गरेर मिटिङ्ग छ भनि जाने जस्ता जवाफ पाइयो । अभिभावक भेला हुन्छ ? भन्ने प्रश्नमा धेरै महिलाहरु थाहा नभएको वताउनुहुन्छ । १, २ जना महिला वोलाउने गरेको र आफू जाने गरेको कुरा वताउछन् ।

### ४.२.३ विद्यालय व्यवस्थापनमा शैक्षिक सामग्री

विद्यालयमा शैक्षिक सामग्री आकर्षक बनाउने छपाइ सामग्री सहितको वातावरण नै शिक्षण विकासको जग हो । कक्षाकोठाको वातावरण आकर्षक बनाउन शैक्षिक सामग्री पनि आकर्षक हुनुपर्छ । बालबालिकालाई कथाका पुस्तक, भित्ते शब्द पोष्टर वा विद्यार्थीको जीवनसँग सम्बन्धित पूर्व अनुमान गर्न सक्नु र परिचित भाषामा छपाइ सामग्रीले सिक्ने अवसर प्रदान गर्छ । साथै कक्षालाई विद्यार्थी र शिक्षकबाट निर्मित सामग्रीले पनि सजाएर झकिझकाउ पार्न सकिन्छ । जसले बालबालिकालाई कक्षामा बसीरौ जस्तो बनाइ दिन्छ ।

अभिभावकलाई निम्न प्रश्नका आधारमा उहाँहरुको विचार प्रस्तुत गरिएको छ। शैक्षिक सामग्र भनेको के हो ? १ पुरुष शिक्षक ले पढाउने सामग्री होला भन्ने जवाफ पाइयो। १ महिला थाहा भएन। तपाईका नानीहरु पढ्ने स्कुलका प्र.अ. को हुनुहुन्छ ? भन्ने प्रश्नमा ५ जनाले थाहा नभएको ८ जनाले चिने गरेको वताउनु हुन्छ। प्र.अ. ले कहिले कहि वोलाउनुहुन्छ भन्ने प्रश्नमा २ ले थहा नभएको ५ कहिले काहि वोलाउने गरेको र जाने गरेको वताउनु हुन्छ। ४ जनाले वोलाए पनि नगएको धारणा वताउनुहुन्छ। विद्यालयको कार्यक्रम सहभागी हुनुहुन्छ भन्ने प्रश्नमा १० जनाले जाने गरेको २ जनाले कामले गर्दा जान नभ्याएको वताउनु हुन्छ। प्र.अ. ले के गरिदिए नानिहरुको पढाई राम्रो हुनेथियो। प्रश्नमा अभिभावकहरुको मिल्दो जवाफ आएको छ। वालवालीकालाई अनुसाशनमा राख्नुपऱ्यो। शिक्षकलाई आ-आफ्नो क्षमता अनुसारको विषय पढाउन दिनुपऱ्यो। विद्यार्थीलाई निगरानी राख्नुपऱ्यो। मोवायल मात्र चलाएर वस्ने शिक्षकलाई कारवाही गर्नु पऱ्यो। अफिसमा राजनैतिक गफ गर्नु दिनु भएन। कहिले काहि कक्षा अवलोकन गर्नुपऱ्यो विदामा बढी वस्ने शिक्षकलाई सचेत गर्नुपऱ्यो जिस्ता विचार राख्नु भएको छ। व्यवस्थापन समिति भनेको के हो ? भन्ने प्रश्नमा अभिभावकहरु विद्यालयलाई राम्रोसँग संचालन गर्ने रेखदेख गर्ने समिति हो भनि जवाफ दिनुहुन्छ। विद्यालय व्यवस्थापन समितिले नानिहरुको पढाई सुधार्न सल्लाह दिनुभएको छ ? भन्ने प्रश्नमा २ जनाले भन्नुभएको जवाफ दिएका छन् भने अन्य अभिभावकले समितिले पनि केहि गर्न नसकेको र मिट्टिङमा सहि मात्र गर्ने गरेको गुनासो गर्नुहुन्छ। पू.अ. कमि कमजोरी नरहेको र ७ जनाले कमीकमजोरी भएको वताउनुहुन्छ। अभिभावक भेलामा जाने गर्नु भएको छ भन्ने प्रश्नमा ५ जना जानेगरेको र ७ जनाले घरायसी कामको कारण जान नभ्याएको वताउनु हुन्छ। प्र.अ. ले के गर्दा राम्रो हुने थियो ? भन्ने प्रश्नमा नानिहरुलाई कन्येल गर्नुपऱ्यो सरसफाईमा ध्यान दिनुपऱ्यो विद्यालयको गुणस्तर वढाउने काम गर्नुपऱ्यो सरकारको काम कहिलेजाला घाँम भन्नुभएन, समय समयमा छलफल गर्नुपऱ्यो पढाईमा शैक्षिक सामग्रीको प्रयोग गरी पढाउन लगाउनुपऱ्यो जस्ता विचार व्यक्त गर्नुभयो।

## ४.२.४ विद्यालयको भौतिक व्यवस्थापन

विद्यालयको भौतिक  व्यवस्थापनमा अभिभावकहरुलाई निम्न प्रश्न गरी धारण बुझ्ने प्रयास गरिएको छ । नानिहरु पढ्ने स्कुलमा भौतिक पूर्वधार छन् ? भन्ने प्रश्नमा ६ जनाले प्रयाप्त भएको र ५ जनाले प्रयाप्त नभएको वताउनुहुन्छ । नानिहरु वस्ने डेक्सवेन्च पयाप्त छन भन्ने प्रश्नमा अभिभावकको एउटै धा रणा छ । नानिहरु डेक्स मानै वस्छन् । खेल मैदान छ ? भन्ने प्रश्नमा १० अभिभावक घेरावार नभएको र कहिलेकाहि नानिहरु लड्ने गरेको वताउनुहुन्छ । ५ अभिभावक भएको वताउनुहुन्छ । नानिहरुको लागि चर्पिको व्यवस्था छन् भन्ने प्रश्नमा चर्पी चाहि रहेको तर सरसफाईको कमी रहेको कुरा वताउनुहुन्छ । कक्षाको कोठा प्रयाप्त छन् । भन्ने प्रश्नमा अभिभावकहरु १० जना थाहा नभएको ५ प्रयाप्त छैन र २ अ प्रयाप्त भएको कुरा वताउनु छन् ।

माथिको अभिभावकको भनाईलाई हेर्दा विद्यालयमा पूर्वधार हेर्दा कहि पर्यापत मात्रामा विद्यार्थी संख्या भन्दा वढी कक्षाकोठा र काही कम भएको कुरा स्पष्ट हुन्छ भन्ने खेल मैदान भन्ने पर्याप्त मात्रमा नभएको र प्रत्येक विद्यालयमा सानो सानो खेल मैदान मात्र भएको विद्यालयको शौचालय पनि सफा हुने नगरेको कूरा स्पष्ट हुन्छ । विद्यालयमा शैक्षिक पक्षलाई सुधार गर्नेकोलाई भौतिक पक्षलाई सुधार गर्नु अत्यन्तै आवश्यक छ । विद्यालयको सुन्दरता नै साना वालवालीकाको भविष्यको सुन्दरता हो ।

## ४.२.५ विद्यालय शिक्षण विधि

शिक्षण विधि ज्ञान सञ्चार गर्ने माध्यम हो । पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धीहरू विद्यार्थीमा हासिल गराउने शिक्षकले प्रयोग गर्ने योजनावद्ध प्रयासलाई शिक्षण विधि भन्न सकिन्छ । खासमा शिक्षण विधि भनेको शिक्षण अनुभवहरूलाई निर्देशन र नियमित गर्ने एउटा उपाय हो । शिक्षण सिकाइ क्रियाकलापका लागि कस्तो किसिमको शिक्षण विधि प्रयोग गर्ने भन्ने कुरा वैज्ञानिक शिक्षण सिद्धान्त शिक्षण गर्ने विषय वस्तु उद्देश्य शैक्षिक सामग्रीको किसिम विद्यालयमा उपलब्ध वातावरण, शिक्षक तथा विद्यार्थी दुवैको पूर्व ज्ञान, रुचि, स्तर, क्षमता र आवश्यकता निर्भर गर्दछ । आजको युगमा विद्यार्थी केन्द्रीत विधिहरु अपनाउनु आवश्यक हुन्छ ।

विद्यालयको संचालन प्रकृयामा अभिभावकलाई निम्न प्रश्नको आधारमा धारण बुझ्ने प्रयास गरिएको छ। शिक्षण विधि भनेको के हो ? १ पुरुष सरले पढाउने होला। १ महिला खै थाहा भएन। विद्यालयको शैक्षिक सत्र कहिले सुरु हुन्छ ? भन्ने प्रश्नमा ७ अ. थाहा नभएको वताउनुहुन्छ। २ वैशाक देखि १४ ले ठूलो जाँच भएपछि भने जवाफ दिनु भएको छ। विद्यालयमा शैक्षणिक योजना तयार भएको छन् भन्ने प्रश्नमा अभिभावकहरु अनविज्ञता भएको वताउनुहुन्छ। विद्यार्थीको लागि कक्षा कार्य र गृहकार्य दिने व्यवस्था छ। भन्ने प्रश्नमा १० अ. दिने गरेको वताउनुहुन्छ भन्ने छ अभिभावक दिने गरेको छैन ८ अभिभावक थाहा नभएको वताउनुहुन्छ।

विद्यार्थी मूल्याङ्क प्रकृया कस्तो छ भन्ने प्रश्नमा अभिभावक यस अभिभावक ठूलो जाँच र सानो जाँच मात्र हुने गरेको वताउनुहुन्छ। विद्यालयमा अतिरिक्त क्रियाकलाप हुन्छ। १० अ. हुन्छ भन्ने जवाफ पाइन्छ भने १४ अभिभावकको थाहा नभएको वताउनुहुन्छ। नानिहरुले समयमा पाठ्यपुस्तक पाउछन भने प्रश्नमा अधिकांश अभिभावक समयमानै पाठ्यपुस्तक पाउने गरेको कुरा वताउनुहुन्छ।

माथिको विद्यालय संचालनमा अभिभावकहरुको धारणा वुझ्दा विद्यालयमा अतिरिक्त क्रियाकलाप कम हुने गरेको र यस वारेमा अभिभावकलाई कमै मात्र थाहा भएको स्पष्ट हुन्छ भन्ने विद्यालयमा मूल्याङ्कन प्रकृया पुरानै शैलिको ठूलो जाँच र सानो जाँच मात्र हुने गरेको कुरा छर्लङ हुन्छ। त्यस वाहेका मूल्याङ्कनका अन्य साधानहरु शिक्षकले प्रयोग गर्ने नगरेको कुरा स्पष्ट हुन्छ।

## ४.३ विद्यालयप्रति अभिभावकको चासो वढाउने उपाय

जुन विद्यालयमा अभिभावकको चासो छ। त्यस्ता विद्यालय राम्रा भएका छन्, जसले साथ पाएका छैनन् ति विद्यालय विग्रीएका छन्। त्यसकारण उचित भूमिका सहित अभिभावकको चासो वढाउन आवश्यक हुन्छ। विद्यालयमा अभिभावकको चासो अथवा भूमिका सुनिश्चित गर्न नखोजिएको भने हेर्न। विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ गठन सामाजिक परिक्षणको अनिवार्यता विद्यालय सुधार योजना निर्माण र त्यसमा आधारित खर्चको निगरानी जस्ता विषयहरु रहेका छन् तर पनि यि प्रावधानले मात्रै

विद्यालयका लागि अभिभावको चासो वढन् सकेन । यहि नै अहिलेको भूल समस्या वन्दै गएको छ । अभिभावको चासो वढाउन निम्न उपायहरु साहायक हुन सक्दछन ।

### ४.३.१ विद्यालयको वार्षिकोत्सव

प्रत्येक शाल विद्यालयको वार्षिकत्सव कार्यक्रममा अविभावकलाई निमन्त्रणा गरी वार्षिकत्सव कार्यक्रममा सहभागि गराई अभिभावकको मन जिति अभिभावकका प्रतिभाहरुलाई पनि समेट्ने कार्यक्रम ल्याई आफ्ना छोराछोरीको प्रतिभाको कदर गर्दै अभिभावकलाई सम्मान गर्दै अभिभावकका विद्यालय प्रतिको दायित्व के हो अन्तरक्रिया गर्दै वार्षिक उत्सवमा आजसम्मका प्रगति विवरण पेश गर्दै विद्यालयले भोलीका कार्यक्रमको सार्वजनिक गर्दै त्यसमा अभिभावकको साथ सहयोगको अपेक्षा राख्दै त्यसमा अभिभावकलाई उत्साहित बनाउन सकेमा सामुदायिक विद्यालय प्रति अभिभावकको चासो बढ्ने निश्चितछ ।

### ४.३.२ सांस्कृतिक कार्यक्रम

विद्यालयले विभिन्न प्रकारका नित्य, गित, संगित, पालन, धान नाच जस्ता संस्कृतिक कार्यक्रमको पहिचान गरि समय समयमा यस्ता कार्यक्रम राख्नाले विद्यालय प्रति अभिभावको चासो रहन सर्क्दछ । अभिभावकहरुलाई सामुदायिक विद्यालयहरुमा पनि यस्ता राम्रा राम्रा कार्यक्रम हुदाँरहेछन् आफ्ना छोराछोरी यस्ता कार्यक्रममा सहभागी भएर राष्ट्रिय अन्तराष्ट्रिय स्तरको कलाकार, नृत्य, संगितकार बन्न सक्छन् भन्ने चेतना बढाइ यस्ता कार्यक्रममा सहभागी बढाइ विद्यालय प्रतिको चासो बढाउन सकिन्छ ।

### ४.३.३ खेलकुद कार्यक्रम

विद्यालयले विभिन्न विद्यालय स्तरिय खेलकुद प्रतियोगिताको आयोजना गरेर आफ्ना विद्यालयका वालवालिकालाई प्रोत्साहन गरि विद्यालय वरिपरिका अभिभावकलाई नियन्त्रण गरी अभिभावकको विद्यालय प्रतिको चासो वढाउन सकिन्छ भन्ने आफ्ना नानीहरु पनि खेल

खेलेर राम्रो जिल्ला स्तरिय राष्ट्रिय स्तरिय खेलाडी बन्न सक्ने भन्ने चेतना दिन सके अभिभावकहरु आफ्ना छोराछोरीलाई हौसला प्रदान गर्दै विद्यालयको कार्यक्रममा सहभागी हुन्छन् र विद्यालय प्रति उनिहरुको चासो बढ्न जान्छ ।

## ४.३.४ अन्तरक्रिया कार्यक्रम

विद्यालयले विभिन्न प्रकारका अन्तर क्रियाकार्यक्रम विद्यालयलाई कसरी सुधार गर्ने वालवालिकालाई कसरी नियमित गराउने पढाईको स्तर कसरी उकास्ने वालवालिकालाई २१ शताब्दीको शिक्षाको पहुँचमा कसरी पुऱ्याउने विषयमा अभिभावकसँग अन्तर क्रिया गरी अभिभावकको विद्यालयप्रति चासो वढाउन सकिन्छ ।

विद्यालयको विकाश र विद्यार्थीको समग्र सिकाईको सन्दर्भमा विद्यालय र अभिभावक दुवैको भूमिका महत्वपूर्ण हुने कुरामा सन्देह देखि दैन यि दुवै संस्थाले आ-आफ्नै योजना अनुसार चलेर भन्दा पनि आपसि सहकार्य गरेर विद्यार्थीको सिकाइमा सकारात्मक योग्दान पुऱ्याउन सक्छन् । साथै पढेका अभिभावकले मात्र होइन, जुनसुकै परिवारले विद्यार्थी सिकाईको उद्देश्यमा सघाउन सक्ने स्पष्ट छ । यसको योजना गर्ने र परिचालन गर्ने सन्दर्भमा विद्यालयको तर्फबाट सचेत प्रयत्न भने हुनै पर्छ । प्रभावकारी भनेर चिनिने विद्यालयको एउटा महत्वपूर्ण पक्ष नै ती विद्यालयले अभिभावक सँगको सहकार्यको महत्व बुझेर त्यस निम्ती आफै अगसरता लिनु रहेको पाइन्छ (थपलिया, २०७०) ।

समग्रमा सामुदायिक विद्यालय प्रति अभिभावकको चासो सहयोग बढाउनका निम्ति विद्यालयले गर्ने प्रयत्नले विद्यालय प्रति अभिभावकको सकारात्मक धारणा विकासमा सहयोग पुग्ने र त्यसबाट विद्यार्थीको सिकाइ तथा विद्यालयको प्रभावकारीतामा समेत सुधार हुन योगदान पुग्ने देखिन्छ ।

## ४.३.५ अभिभावकलाई चेतना विस्तार

सामुदायिक विद्यालयमा अभिभावकहरुको चेतना फैलाएर विद्यलाय प्रतिको चासो बढाउन सकिन्छ । अभिभावकहरु सँग डिग्री नहोला धेरै पैसा नहोला तर उहाँहरुमा आफ्ना

सन्तानलाई सकभर राम्रो शिक्षा दिनु पर्छ भन्ने चेतनाको कुनै कमी भने छैन । हामी पनि त्यस्तै अभिभावकको सन्तान हौ । अभिभावकहरुमा आफ्ना सन्तानलाई पढाउनु पर्छ भन्ने चेतना मात्र होइन सकभर राम्रो शिक्षा दिनुपर्छ भन्ने जागरुकता र त्यसका लागि प्रतिवद्धता पनि चाहिन्छ । अभिभावकहरु दिनमा कमाएर खाने अभिभावकलाई बालबालिकाको पढाइको बारेमा छलफल गर्न, के त बोलाउनु पर्दैन त ? के उनीहरुको दायित्व छैन ? प्रश्न उठेको छ । आज सामुदायिक विद्यालयले अभिभावकलाई चेतना फैलाउने कुनै कार्य गरेको पाइदैन । बालबालिकाको भविष्यको बारेमा कुनै चेतना फैलाएको पाइदैन । यदी अभिभावकलाई चेतनशिल बनाउने हो भने उनीहरुको चासो विद्यालय प्रतिको उत्तरदायित्व बढ्न सक्छ ।

## ४.३.६ अभिभावकलाई स्वयमसेवाको रुपमा प्रयोग गरेर

अभिभावकहरुलाई सामुदायिक विद्यालयहरुले भौतिक वातावरण सुधार होस वा विद्यालय भित्र शैक्षिक / गैर शैक्षिक सेवा प्रदान गर्न होस वा स्थानीय सीप सिकाउन स्रोत व्यक्तिको रुपमा कार्य गर्न होस् कुनै पनि हिसावले अभिभावकको संलग्नताले अपनत्व बढाउने र विद्यार्थीमा सिकाइ सुधारमा सकारात्मक योगदान पुग्ने देखिन्छ । यसका लागि स्थानीय परिवेश अनुसार कुन प्रकारको सेवा स्वयम सेवा परिचालन बाट सम्भव छ भन्ने बारे विद्यालयले लेखाजोखा गर्ने तथा सोका निम्ति प्रयत्नहुन आवश्यक छ । यसरी अभिभावकलाई स्वयम सेवा गराएर विद्यालय प्रतिको चासो बढाउन सकिन्छ ।

## ४.४ सामुदायिक विद्यालय सुधारका उपायहरु

अध्ययनको क्रममा अभिभावकहरुबाट प्राप्त जानकारि अध्ययनका क्रममा देखिएका विषयवस्तुलाई विद्यालय सुधारका उपाय तल प्रस्तुत गरिएको छ ।

## ४.४.१ उपल्लो निकायबाट अनुगमन

शिक्षण समस्याको प्रभावकारिता र गुणस्तरितामा निरिक्षणको ठूलो प्रभावकारि भूमिका हुन्छ । शिक्षण कार्यलाई प्रभावकारी परिणाममुखी वनाउन सम्बन्धित निकायबाट नियमित निरिक्षणको व्यवस्था हुनुपर्छ जिल्ला शिक्षा कार्यलयबाट अनुगमको व्यवस्था हुनु पर्ने विद्यालय निरिक्षकबाट विद्यालय हेर्नुपर्ने विद्यालयलाई समय सुवाउदो अग्रेजि माध्यमबाट पढाईको सुचारु हुनुपर्ने, प्र.अ.ले आफ्नो कर्त्वय पिालनमा कटिवद्ध हुनुपर्ने नपढाउने शिक्षकलाई कारवाही गर्नुपर्ने, शिक्षकलाई राजनैतिक संघ संगठन बाट अगल गरिनुपर्ने, व्यवस्थापन समितिलाई अधिकार सम्पन्न वनाउनुपर्ने हाम्रा मान्छे भन्दा राम्रा मान्छे नियुक्त गर्नुपर्ने जस्ता सुझावहरु अभिभावकहरुका रहेका छन् ।

## ४.४.२ शिक्षकको जिम्वेवारी

हलि नपढेको थियो । अव साक्षर होला । भोली अर्ध शिक्षित । हलिको शैक्षिक योग्यता वदलिदा पनि उसको पेशागत योग्यता त्यहि हो । हुन्छ । हामी शिक्षकको पनि त्यहि अवस्था हो । जुन तहमा पढाएपनि जाच्ने कसी । जाचिने कसी । डाफा नहाल्ने शिक्षकले लटपट गर्दैनौ । झारा टार्दैनौ । पाठ्यक्रमका सवै उद्देश्य पुरा गर्छौ । पाठ्यपुस्तकका सवै अवधारणा दिन्छौ । प्रश्न यही रह्यो - के हामी डाफा हान्ने हलि जस्तै शिक्षक हौ त ? योग्यता विहिन हौ त ? पढ पढ भन्ने । नपढाउने । हो भने अयोग्य हो । झारा टार्ने शिक्षकको यो कुरा जाँचमा आउँछ । यो नपढे पनि हुन्छ । भन्ने शिक्षक डाफा हान्ने शिक्षक हौ । गालटारा शिक्षक । राँटा राख्ने शिक्षक हुँदा कसैलाई पढाउँछौ । कसैलाई छोड्छौ । यस अर्थमा जान्ने लाई पढाउने नजान्नेलाई छोड्ने । नियमित विद्यार्थीलाई पढाउने, अनियमित लाई छोड्ने । के हामी यसो गर्छौत ? यसो भए हामी राँटा राख्ने शिक्षक भयौ । अयोग्य । हलो हल्लाउने हलि जस्ता भयौ । विद्यार्थीलाई शारीरिक कष्ट दियौत ? त्यसो भए गोरुलाई फाली लगाउनु हलि जस्ता भयौ । गोरु दोव्रिदा पनि हलोमा समस्या छ कि भनी नखोज्ने हली । पाठ्यक्रम र पाठ्यपुस्तकलाई सान्दर्भीकरण गर्न नजान्दा भिरालो र सम्म बारी जोत्दा चाहिने अनेकौ उचाइ नमिलाउने हली । पाठ्यपुस्तकलाई जनज्ञानसँग नजोड्दा घोसे र ठाडो हलो मिलाउन नजान्ने पढ्न नसक्ने र नजान्ने हरुलाई विशेष कार्यक्रम नल्याउदा

बसुवा गोरुलाई हिडाउन नजान्ने हलि । बालबालिकाको पिडा नबुझ्दा काँधलागे नलागेको हलि । स्कुल पछि बालबालिका के गर्छन भनी नखोज्दा जोतेर घर आएका गोरुलाई त्यसका धनीले घास खाए नखाएको वास्था  नगर्ने हली । अयोग्य हलि । तर डाँफा हान्दैनौ । योग्य भयौ । राँटा राखेनौ योग्य बनौ फाली नलगाउ । योग्य बनौ । काँध दुखाउ । योग्य बन्यौ । यसरी हेर्दा हामी योग्य शिक्षक हौ । योग्यत्तर छौ । अयोग्य पनि छौ । बाली पकाएको हलि जस्तो (कोइराला, २०७०) ।

शिक्षण सिकाई क्रियाकलापमा शिक्षकको प्रमुख भूमिका रहेको हुन्छ । अभिभावका नानिहरु ६ घण्टा सम्म शिक्षाको जिम्मामा रहेका हुन्छन् । यो समय शिक्षकले आफ्नो पेशाप्रति निष्ठा हुनु जरुरी छ । उत्तरदाहित्व पूरा गर्न हरेक शिक्षकले धेरै मेहेनत गर्नुपर्छ । आफ्नो जिमेवारीको विषयलाई कुसलतापुर्वक शिक्षण गर्नु मेो पेशागत र नैतिक दाहित्व हो भन्ने कुरा हरेक शिक्षकले महसुस गर्नु पर्छ सबै शिक्षकले यो उत्तरदाहित्व पुरा गर्न दृढ इच्छा र सङ्कल्प पाउन कठिन रहेको कुरा अध्ययनबाट पत्ता लागेको छ ।

## ४.४.३ प्रधानाध्यापकको जिम्वेवारी

प्र.अ. योग्य र इमान्दार भए सामुदायिक विद्यालय सुधार हुन्छ । मुख्य चावी प्र.अ.को हातमा हुन्छ । अभिभावक जागरुक तुल्याउने मुख्य भूमिका प्र.अ.को हो । प्र.अ. योग्य इमान्दार र नैतिक वान भयो भने विद्यालय सुधार गर्न समय लाग्दैन । आज सामुदायिक विद्यालयका प्र.अ. केटा केटीको भविष्य प्रति सम्वेदन शिल र इमान्दार हुन सकेका छैनन् । खाली झारा टार्ने काम गरेर बसेकाले आज सामुदायिक विद्यालय यस्तो अवस्थामा पुगेको छ । कम्तिमा आफ्ना कमजोरी मात्र केलाउने हो भने मात्र विद्यार्थी र अभिभावकको मन जित्न सकिन्छ ।

अभिभावक मात्र विद्यालय आउने हैन विद्यालय पनि अभिभावकको घर दैलोमा जान सिके आज सम्म अभिभावक विद्यालय आएनन् भन्ने कोणबाट सोचिदै छ । अव प्र.अ. शिक्षक पनि त अभिभावककहा पुग्दा हुन्छ । अव अभिभावकसँम्म पुग्ने अभियान चलाउ के कसरी पुग्ने भन्ने बारे चिन्तन मनन् गरौ । विद्यालयमा अभिभावक तान्ने अर्को उपाय प्र.अ. प्रशासनमा गरिने पारदर्शिता जिशिकाबाट के के शिर्षकमा के कति रकम आएको छ ।भन्ने

कुरा अभिभावकलाई नियमित रुपमा जानकारी गराउने हो भने पनि अभिभावकको चासो सोहत बढेर जान्छ । स्कुल पारदर्शी भयो भने अभिभावक परिचालन गर्न सकिन्छ । अभिभावक परिचालन भयो भने सामुदायिक विद्यालय चम्किनेमा दुई मत छैन ।

सामुदायिक विद्यालय संचालनको जिम्मा प्र.अ. को हातमा हुन्छ । संस्था संचालनमा माझीको काम प्र. ले गरेको हुन्छ । ढुङ्गा लाई खोला ताने कि विचैमा अलपत्र अवस्थामा राख्ने भने जिम्वेवारी प्र.अ.को हातमा रहेको हुन्छ । प्र.अ.ले विद्यालयलाई मन्दिर वनाउन सक्दर्छन विद्यालयमा आवसय सामग्रीको वन्दोवस्त मिलाउने काम प्र.अ. को हातमा हुन्छ । कक्षा शिक्षणमा शैक्षिका सामग्रीको वन्दोवस्त मिलाउने, शिक्षकलाई तालिममा पढाउने काम चोर शिक्षकलाई कारवाहि गर्न १०-४ को समयलाई पूर्ण पालना गराउने समय समयमा अभिभावक भेला गर्ने उनिहरुका बालबालिकाको समस्या पहिचान गर्ने विद्यालयबाट टाडा रहेका विद्यार्थीलाई अभिभावको सहयोग लिई विद्यालय सम्म ल्याउने जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था मिलाउने, समय समयमा कक्षा अवलोकन गर्ने शिक्षकको पढाई प्रति निगरानी राख्ने वालवालिका समस्यालाई पहिचान गरि सुधार गर्दै लैजाने आदि रहेका छन् ।

### ४.४.४ व्यवस्थापन समितिको जिम्वेवारी

विद्यालय सुधारको लागि व्यवस्थापन समितिको ठूलो भूमिका रहेको हुन्छ, समिति अभिभावको ठूलो प्रतिनिधि हो । जुन स्कुलमा अभिभावको संलग्न ता वढेको छ ती स्कुल शैक्षिक भौतिक तथा वातावरणीय सुधारको वाटोमा अघि वढेको छन् । तर जुन विद्यालय अभिभावको वेवास्ताको शिकार भएका छन् ती स्कुल वर्वादीको वाटोमा लागेको प्रष्टै हुन्छ यसरी व्यवस्थापन समितिले विद्यालयको वातावरणीय सुधार प्र.अ.लाई सहयोग शिक्षकलाई हौसला र सचेत गराई, कक्षा अवलोकन, कक्षा वाहिरको समयलाई छकेचेक गरेर आवश्यक परेमा कारवाहि गर्न शिक्षकलाई तालिममा पढाउने तालिमबाट फर्केपछि तालिममा सिकिएका कुरा प्रयोग भयो भएन अनुगमन गर्ने व्यवस्थापन समतिले राम्रो निष्पषर उत्कृष्ट शिक्षकलाई छनोट गरि सम्मान गर्ने अभिभावक प्रतिनिधी भएकोले उनिहरुलाई सचेत गराउने कक्षा छोड्ने विद्यार्थीलाई उनिहरुको घरमा गएर छलफल गरि विद्यालय सम्म ल्याउने वातावरण मिलाउने जस्ता सुझाव अध्ययनमा पत्ता लागेको छ ।

विद्यालयमा अभिभावकको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ। ६ घण्टा विद्यालय भित्र र १८ घण्टा विद्यार्थीहरु अभिभावको हातमा हुने भएकोले आफ्ना वालवालिको रेखदेख गर्नुपर्ने समयमा विद्यालय पढाउनु पर्ने, पढाईमा ध्यान दिनुपर्ने वालवालिकालाई आवश्यक सामग्री -व्याग, लुगा, कापी, कलमको व्यवस्था मिलाइ दिनु पर्ने छोराछोरी विद्यालय जादै छ छैन बुफ्नुपर्ने, पढाईको विषयमा शिक्षक तथा प्र.अ. सँग परामर्श लिनुपर्ने, छोराछोरीलाई नियमित रुपमा विद्यालय पठाउनु पर्ने, घरमा पढ्ने र गृहकार्य गर्ने समयमा नानिहरुको रेखदेख गर्नुपर्ने, गाउँ घरमा वरालिएर हिड्न नदिने जङ्गल सिकार खेल्न हिड्ने वालवालिकालाई विद्यालयको कोठा सम्म ल्याउने जस्ता सुझाव अध्ययनबाट प्राप्त भएको छ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

तेह्रथुम जिल्लाको मोराहाङ स्रोतकेन्द्र अन्तरगत श्रीजुङ गा.वि.स. भित्र रहेका तीन आधारभूत र एक माध्यमिक विद्यलायका कक्षा ५ मा अध्ययनरत वालवालिका ३२ अभिभावक अध्ययन क्षेत्रमा अनुसन्धानकर्ताको अभिभावकको हेराईमा सामुदायिक विद्यालय शीर्षकमा गरिएको अध्ययनबाट प्राप्त तथ्याङ्कको विश्लेषणबाट निम्न अनुसार तथ्यहरु पत्तालागेको छ । त्यसलाई प्राप्ति, निष्कर्ष र सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

अध्ययन क्षेत्र भित्र परेका विद्यालयहरुमा अभिभावकको हेराइमा सामुदायिक विद्यालय प्रतिको अभिावकको चासोलाई हेर्दा त्यहाका अधिकांस अभिभावकहरु अनौपचारिक शिक्षाको माध्यमबाट आफ्नो नाम सम्म लेख्न सक्ने र अझै पनि केहि अभिभावक निरक्षर नै पाइयो । अभिभावकहरु पढ्न र लेख्न सक्ने अवस्था देखिदैन । त्यसैकारणले गर्दा आफ्नो बालबालिकाको शैक्षिक अवस्थाको वारेमा अनविज्ञता रहेको पाइयो । शिक्षकले विद्यालयमा नानीहरुको रेखदेख पढाइमा चासो नदेखाएको पाइयो, पढ्ने र लेख्ने समयमा समयको सहि ज्ञान दिन नसकेको उनिहरुलाई अनुसासनको पाठ सिकाउन नसकेको, पाठ्यक्रम अनुसार सिकाइ नगराएको कक्षामा जाने र मोवाइलमात्र खेलाउने बढी समय मोवाइलमा गफ गर्ने विद्यार्थीको पढाइ प्रति ध्यान दिनुपर्ने दश देखि चार बजेको समयलाई नियमित गर्नु पर्ने विद्यार्थीलाई गुणस्तरिय शिक्षा दिन शिक्षक लागि पर्नु पर्ने, अभिभावकले पनि आफ्ना नानीहरुको पढाइको विषयमा खोजि नगरेको र चासो नदेखाएको शिक्षक सँग भेट गरी आफ्ना नानीहरुको पढाइको विषयमा खोजी गर्नु पर्ने देखिन्छ ।

अभिभावक आफ्नो घरायसी कामको कारणले विद्यालय जान नभ्याएको र विद्यालयमा शिक्षकले नपढाएको, समयमा कक्षा कोठामा नजाने, कक्षाकोठामा गएपनि नपढाउने शिक्षण सिकाइ क्रियाकलाप के कसरी गर्दछन् थाहा नभएको शिक्षण विधीको प्रयोग गर्ने कुरामा अभिभावकलाई केहि थाहा नभएको कक्षा कोठामा शैक्षिक सामग्रीको प्रयोग पनि नभएको पाइयो, अभिभावकले कतिपय शिक्षकलाई नचिनेको र कुन शिक्षकले कुन विषय पढाउछन् त्यो पनि थाहा नभएको शिक्षकसँग भेटहुँदा पनि आफ्ना नानीहरुको

पढाइको विषयमा नसोधेको विद्यालयमा शिक्षक समयमा नआउने कक्षा छोडेर मिटिङ छ भने हाजिर गरेर बाहिर जाने कुरा अध्ययनबाट प्राप्त भएकोछ ।

यसबाट शिक्षक अनुसासन र आफ्नो काम प्रतिको जिम्वेवारी बोध नभएको पाइयो । शिक्षकको शिक्षण क्रियाकलाप सक्रिय रुपमा सहभागिता भए नभएको कुरा अनुगमनको कमि रहेको पाइयो, शिक्षकको उपस्थिति अध्ययन नगरिएको कुन शिक्षकले राम्रो र कुन शिक्षकले राम्रो पढाउदैन भने कुरा स्पष्ट बताउन नसकेको शिक्षकले कक्षाकार्य गृहकार्य दिने नगरेको र दिने शिक्षकले पनि चेक गर्ने नगरेको शिक्षकले पढाइहाले पनि किताबलाई फरर पढडीदिने र पढ भन्ने गरेको पाइयो ।

सामुदायिक विद्यालयले अभिभावकको चासो बढाउने कुनै ध्यान दिएको पाइदैन । प्र.अ. शिक्षक र वि.व्य.स. समिति जस्ता विद्यालयका प्रमुख अंगहरु निष्क्रिय देखिन्छन् । विद्यालयमा अभिभावकको चासो बढाउनको लागि विद्यालय विभिन्न कार्यक्रम हरु जस्तै वार्षिक उत्सव, खेलकुद कार्यक्रम, साँस्कृतिक कार्यक्रम अभिभावकलाई चेतना फैलाउने विद्यालयमा अभिभावकलाई स्वयम सेवाको रुपमा राख्नेजस्ता कार्यहरु छिटफुट बाहेक कुनै विद्यालयले गरेको पाइदैन । यसरी सामुदायिक विद्यालयले अभिभावकको मन जित्ने खालका कार्याक्रम ल्याउन जरुरी देखिन्छ ।

अभिभावकहरुले प्र.अ.लाई नचिनेको चिने अभिभावकले नाम नजानेको र थोरै अभिभावकले मात्र प्र.अ. साग राम्रो सम्बन्ध भएको बताएको पाइयो, प्र.अ.ले विद्यालय बोलाउदा धेरै अभिभावक मात्र जाने गरेको र अधिकांस अभिभावक घरायसीकार्यले जान नभ्याएको पाइयो प्र.अ.ले सिकाइ सुधार गर्न शिक्षक कक्षाकोठामा जाने र बाहिरने समयको खोजि नगरेको, बालबालिकाको समस्यानबुझ्फोको समय समयमा अभिभावकको राय सुझाव नलिएको काम चोर शिक्षकलाई कुनै कारवाहि गर्न नसकेको पाउनेभन्दा बढी विदा दिनेगरेको पाइयो । यस बाट के प्रष्ट हुन्छ भने प्र.अ. पनि विद्यालय प्रति जिम्मेवारी बन्न र अरुलाई जिम्मेवारी बहनगर्न नसकेको , सरोकारवालाले पनि अनुगमन नगरेको, व्यवस्थापन समितिले पनि सहिमाग गर्न गरेको पाइयो ।

व्यवस्थापन समितिले पनि सिकाइ क्रियाकलाप विद्यालयमा के कसरी भएको छ खोजी नगरेको विद्यालयले शैक्षिक सामाग्रीको प्रयाप्त मात्रामा उपलब्ध नगराएको शिक्षकले पाठ्यक्रमले तोकेको कोष पढाई सक्ने नगरेको समयको माग अनुसार अंग्रेजी पढाउन

सक्नेशिक्षक राख्न नसकेको राम्रो मान्छे भन्दाहाम्रो मान्छे प्रति हावि भएको पाइयो । विद्यालयमा शौचालय भए पनि सफासुग्घरमा ध्यान नदिएको छात्रा छात्र शौचालय छुट्टै छुट्टै नभएको । शिक्षकलाई समय अनुकुल तालीम दिन नसकेको पढेका अभिभावक ले पनि सामुदायिक विद्यालयलार्य चासो नदिइ संस्थागत विद्यालयमा आफ्ना छोराछोरी पढाउने गरेको र सामुदायिक विद्यालयलाई चासो नदिएको देखिन्छ । सरोकारवाला पक्ष एकजुट भएर सहकार्य गरी आ-आफ्नो कामप्रति जिम्वेवारी बोध गर्न सके अभिभावकको सामुदायिक विद्यालय प्रतिको हेराईमा सुधार हुने थियो ।

## ५.२ निष्कर्ष

अध्ययनबाट प्राप्त भएका नतिजाका आधारमा तथ्यगत निष्कर्षमा पुग्न सकिन्छ । अभिभावकको हेराईमा सामुदायिक विद्यालय शीर्षकमा गरिएको यो शोध कार्यमा निर्धारित श्रोतबाट प्राप्त जानकारीका आधारमा भन्न सकिन्छ कि सामुदायिक विद्यालयमा शिक्षकको जागिर खाने ठाउँमात्र भएको सरकारी जागिर खाएर आफ्ना बालबच्चा नीजी स्कुलमा पढाउने गरेका छन् । अन्य अभिभावकका बालबच्चा विद्यालय आए पनिनआए पनि कुनै खोजी नगरेको, अनुसासनको कुनै पाठ नसिकाएको पाठ्यक्रमको उद्देश्य अनुसार शिक्षण गर्न नसकेको सिकाइमा पुरानै व्याख्यान विधिबाट पढाएको विद्यार्थिले ध्यान दिए नदिएको कुनै निगरानी गरेको, विद्यालय समयमा बढी मोवायलमात्र खेलाउने गरेको समयमा कक्षा कोठामा जाने नगरेको पेशागत तालिम लिए पनि कक्षाकोठामा त्यसको उपयोग नगरेको पाइयो ।

सामुदायिक विद्यालयको जिम्मा लिएको शैक्षिक नेतृत्व विद्यालयको स्पष्ट लक्ष्य र उद्देश्य किटान गर्न नसकेको शिक्षण सिकायमा कुनै पनि स्रोत साधनको परिचालन नगरेको प्र.अ.को भूमिका पनि अत्यन्तै कम्जोर रहेको शिक्षण सिकाइ क्रियाकलापमा कुनै ध्यान दिन नसकेको अभिभावकसँग वालवालिकाको पढाइ प्रति कुनै अन्तरक्रिया नगरेको विद्यालय बाहिर का वालवालिका ल्याउन कुनै पहल नगरेको विद्यालयमा पढाउनेशिक्षक र नपढाउने शिक्षकप्रति पनि एउटै व्यवहार गर्ने गरेको दण्ड र पुरस्कारको नीति अवलम्वन गर्न नसकेको विद्यालयमा भएका स्रोत साधनको उपयोग समय व्यवस्थापन, शिक्षकको

नियमितता जस्ता विषयमा ध्यान पुऱ्याउन नसकेको विद्यालयको चौतर्फी योजना र विकासमा स्रोत परिचालन निरन्तर सिकाइ इमान्दारीता कर्तव्यबाट विमुख भएको पाइयो ।

सरोकारवाला निकाय पनि यस क्षेत्रमा पुग्ने नगरेको वि.नि. जिल्लाबाट वाहिर नगएको श्रोत व्यक्ति पनि समय समयमा अनुगमन गरी पृष्ठपोषण नदिएको शिक्षा विद्यालय व्यवस्थापन समितिमा विद्यालयका शिक्षक प्र.अ. अनुकूल व्यक्तिलाई ल्याउने गरेको शिक्षकलाई राजनैतिकबाट अलग गराउन नसकेको शिक्षकलाई कुनै कारवाहि गर्न नसेको न्यून आय भएका अभिभावकका छोरा छोरिलाई खाजा नास्ताको व्यवस्था नभएको अभिभावकलाई शिक्षाको महत्व बारे बुझाउन नसकेको, अभिभावकले पनि आफ्ना वच्चालाई विद्यालय नियमित रुपमा पठाउने नगरेको र विद्यालय प्रति कुनै चासो चिन्ता राख्ने नगरेको आफ्ना नानीहरुको पढाइको विषयमा विद्यालय पुगेर कुनै सोध खोज गर्ने नगरेको विद्यालयमा के के गतिविधि हुदैछ । शिक्षक पढाउदैछन छैनन् भन्ने बारेमा कुनै जानकारी सम्म नराखेको अध्ययनको निष्कर्ष रहेको छ ।

## ५.३ सुझावहरु

यस अध्ययनमा "अभिभावकको हेराईमा सामुदायिक विद्यालय" शिर्षकमा गरिएको अध्ययनको आधारमा निकालिएको निष्कर्षको आधारमा नितिगत तहमा अभ्यास तहमा र अनुसन्धान तहमा थप ज्ञान हासिल गर्नु पर्ने भएकोले निम्न सुझाव दिएको छ ।

### ५.३.१ नीतिगत तह

क) आवश्यक शैक्षिक सामग्री र पाठ्यपुस्तक समयमा उपलब्ध गराउनुपर्ने ।

ख) सामुदायिक विद्यालयमा भौतिक पूर्वधारको उचित व्यवस्था गर्नुपर्ने ।

ग) अभिभावकलाई अभिभावक शिक्षा दिनुपर्ने र शिक्षाको महत्व दर्शाउनुपर्ने ।

घ) विद्यालय शिक्षामा अनुगमन र निरिक्षण प्रभाव कारिठगबाट गर्नुपर्ने ।

ङ) शिक्षकलाई राजनैतिकबाट टाडा राख्नुपर्ने ।

च) पुराना शिक्षकलाई सम्मान सँग विदा गर्दै नया पुस्ताका शिक्षकलाई शिक्षक कार्यमा सहभागि गराउनुपर्ने ।

छ) गा.वि.स स्तरिय चेतनामुलक कार्यक्रमको संचालन हुनुपर्ने ।

ज) अभिभावकलाई राज्यले आर्यमुलक काममा लगाई आर्थिक स्तर उकास्नुपर्ने ।

झ) शिक्षक तथा कर्मचारिका छोराछोरीलाई निजी विद्यालय पढनलाई वन्द गर्नु पर्ने ।

## ५.३.२ अभ्यास तह

क) व्यवस्थापन समितिको भुमिका वढाउन आवश्यक देखिन्छ ।

ख) असल काम गर्नेलाई पुरस्कार खराव काम गर्नेलाई दण्डको व्यवस्था गर्ने आवश्यक छ ।

ग) अभिभावकको इच्छा र चाहना अनुसारको अंग्रेजी माध्यमबाट विद्यालय सञ्चालन गर्नुपर्ने देखिन्छ ।

घ) सरोकारवाला पक्ष सकृय रुपमा काम गर्नु पर्ने देखिन्छ ।

ङ) शिक्षकले अन्य धन्दालाई भन्दा आफ्नो पेशालाई जवाफ देहि वनाउनुपर्ने देखिन्छ ।

च) विद्यालयमा उपलब्ध शिक्षकहरुको कामको वाडफाड गर्नुपर्ने ।

छ) आवश्यक मात्रामा शिक्षक उपलब्ध गराउनुपर्ने ।

ज) शिक्षकले आफ्नो शिक्षण विधि लाई परिर्वतन गरी नया ढगंबाट शिक्षण गर्नुपर्ने ।

झ) अभिभावकले आफ्ना नानिलाई विद्यालय नियमित रुपमा पढाउनुपर्ने ।

ञ) आफ्ना नानिहरुको पढाईको विषयमा विद्यालय गई शिक्षक सँग सरामर्श गर्नुपर्ने ।

## ५.३.३ अनुसन्धान तहका लागि सुझावहरु

क) विद्यालय शिक्षकको आफ्नो जिम्वेवारी के हो भन्ने पक्षमा अध्ययन खुल्ला रहेको छ ।

ख) दैनिक पाठ योजना निमार्णको महत्व सम्बन्धि अध्ययन ।

ग) शैक्षिक सामाग्रीको प्रभावकारिता सम्बन्धि अध्ययन ।

घ) अभिभावको मन जित्न खेल्नु पर्ने भूमिका सम्बन्धी अध्ययन ।

ङ) विद्यालय शिक्षाबाट वन्चित वालवालिकालाई विद्यालय सम्म कसरी ल्याउने भन्ने सम्बन्धि अध्ययन ।

च) प्र.अ. शिक्षकको कक्षा शिक्षण प्रतिको धारणा पत्ता लगाउने सम्बन्धि अध्ययन ।

छ) विद्यालयको शिक्षक व्यवस्थापन सम्बन्धि अध्ययन ।

ज) विद्यालयको भौतिक एवम् शैक्षिक व्यवस्थापन सम्बन्धि अध्ययन ।

अभिभावकले संकेत गरेका भनाइबाट क्रियात्मक अनुसन्धान गर्ने प्रशस्तै ठाउँलाई यो अध्ययनले देखाएको छ । बालबालिकाको शिक्षण सिकाइ प्रक्रिया, कक्षाकोठा व्यवस्थापन, प्र.अ.को कार्य दक्षता, नीति नियमि सुस्त दुरुस्त व्यवस्थापन पक्ष, भौतिक निर्माणले शिक्षामा खेल्ने भूमिका जस्ता पक्षले सामुदायिक विद्यलायको शिक्षाको गुणस्तर वृद्धि गर्न सकिन्छ । सरोकारवाला पक्ष मिलेर सहकार्य गर्दा विद्यालयको स्तर वृद्धि भइ अभिभावकको सामुदायिक विद्यालय प्रतिको हेराईमा सोचमा परिवर्तन ल्याउन सकिन्छ ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, विष्णुप्रसाद (२०७०), *नि.मा. शिक्षक दिग्दर्शन,* आशिष बुक्स हाउस ।

कोइराला, विद्यानाथ (२०७०) *के म योग्य छु त?, वर्ष ६, पूर्णाङ्क ६५,* शिक्षक मासिक पत्रिका ।

जोशी, पुष्पराज (२०७०), *जगाउने काम शिक्षकको, वर्ष ६ पूर्णाङ्क ६७,* शिक्षक मासिक पत्रिका ।

ढकाल माधवराज (२०६८), *शिक्षाका आधार,* रत्न पुस्तक भण्डार, काठमाडौ ।

ढकाल, माधवप्रसाद, कोइराला, मात्रिकाप्रसाद (२०६८), *शिक्षाका आधारहरु,* रत्न पुस्तक भण्डार, काठमाडौ ।

थपलिया, तुलसीप्रसाद (२०७०), *विद्यालय र अभिभावक सहकार्य, वर्ष ६ पूर्णाङ्क ६७,* शिक्षक मासिक पत्रिका ।

नेपाल भक्ति (२०७१), *विद्यालय प्रति अभिभावकको विचार,* चेतना साप्ताहिक, लखनपुर, झापा ।

बराल खगराज (२०६७), *विद्यालय तहमा शिक्षक व्यवस्थापन चुनौति र भावि दिशा,* शिक्षा जगतको अर्धवार्षिक पत्रिका, नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुर ।

भट्टराई केशवप्रसाद (२०६९), *सामुदायिक विद्यालय र विद्यार्थी संख्या,* सुकुना सौरभ, अंक ३, पब्लिक क्याम्पस प्रध्यापक संघ, इकाइ समिति इन्द्रपुर मोरङ, सुकुना बहुमुखी क्याम्पस ।

लम्साल हरिप्रसाद (२०६७), *विद्यालय व्यवस्थापनका विविध आयामहरु,* शिक्षा जगतको अर्धवार्षिक पत्रिका, नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर ।

शर्मा चिरञ्जीवि, शर्मा निर्माला (२०६४), *शिक्षा मनोविज्ञान,* एम्.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स भोटाहीटी, काठमाडौ ।

शर्मा, केदार (२०७०), *अभिभावकलाई स्वागत गरौ, वर्ष ६ पूर्णाङ्क ६१*, शिक्षक मासिक पत्रिका ।

सुवेदी विदुर (२०६९), *युनानी दार्शनिक प्लेटोको शिक्षा नीति एक विश्लेषण*, सुकुना सौरभ, अंक ३, पब्लिक क्याम्पस प्रध्यापक संघ, इकाइ समिति इन्द्रपुर मोरङ, सुकुना बहुमुखी क्याम्पस ।

“अभिभावकको हेराइमा सामुदायिक विद्यालय”

अनुसूचि : एक

अभिभावकको अवस्था

| क.सं. | नाम | ठेगाना | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | हेम ब. लिम्बू | श्रीजुङ ८ | साक्षर |
| २ | मन ब. लिम्बू | श्रीजुङ ८ | साक्षर |
| ३ | राम ब. तामाङ | श्रीजुङ ८ | साक्षर |
| ४ | सुर्य ब. तामाङ | श्रीजुङ ८ | साक्षर |
| ५ | सविता लिम्बू | श्रीजुङ ८ | साक्षर |
| ६ | इन्द्रमाया लिम्बू | श्रीजुङ ८ | निरक्षर |
| ७ | विष्णुकुमारी लिम्बू | श्रीजुङ ८ | निरक्षर |
| ८ | मनकुमार लिम्बू | श्रीजुङ ८ | निरक्षर |
| ९ | निफुरी शेर्पा | श्रीजुङ ९ | साक्षर |
| १० | प्रेमध्वज शेर्पा | श्रीजुङ ९ | साक्षर |
| ११ | लाक्पा शेर्पा | श्रीजुङ ९ | साक्षर |
| १२ | सुशिल लिम्बू | श्रीजुङ ९ | साक्षर |
| १३ | कमला गुरुङ | श्रीजुङ ९ | साक्षर |
| १४ | निशा फुटी शेर्पा | श्रीजुङ ९ | साक्षर |
| १५ | डोल्मा शेर्पा | श्रीजुङ ९ | निरक्षर |
| १६ | शुसिला भण्डारी | श्रीजुङ ९ | निरक्षर |
| १७ | महेन्द्र लामिछाने | श्रीजुङ ६ | साक्षर |
| १८ | सिमन लिम्बू | श्रीजुङ ६ | साक्षर |
| १९ | डिल्लीकुमार लिम्मू | श्रीजुङ ६ | साक्षर |
| २० | धनकुमार लिम्बू | श्रीजुङ ६ | साक्षर |

| | | | |
|---|---|---|---|
| २१ | इन्दिरा लिम्बू | श्रीजुङ ६ | साक्षर |
| २२ | जय माया लिम्बू | श्रीजुङ ६ | साक्षर |
| २३ | कृष्णकुमारी लिम्बू | श्रीजुङ ६ | साक्षर |
| २४ | इन्दु लिम्बू | श्रीजुङ ६ | साक्षर |
| २५ | गजेन्द्र भण्डारी | श्रीजुङ २ | साक्षर |
| २६ | कूल ब. लिम्बू | श्रीजुङ २ | साक्षर |
| २७ | डिमा शेर्पा | श्रीजुङ २ | निसाक्षर |
| २८ | टेक ब. तामाङ | श्रीजुङ २ | साक्षर |
| २९ | फुलमाया तामाङ | श्रीजुङ २ | साक्षर |
| ३० | भिमकुमारी लिम्बू | श्रीजुङ २ | साक्षर |
| ३१ | करुणा लिम्बू | श्रीजुङ २ | निसाक्षर |
| ३२ | फुलमाया लिम्बू | श्रीजुङ २ | निसाक्षर |

“अभिभावकको हेराइमा सामुदायिक विद्यालय”

अनुसूचि २ : पढाईमा सुधार गर्ने प्र.अ. शिक्षक र व्यवस्थापन समितिले गर्नुपर्ने कार्यहरु

| क्र.स. | अभिभावकहरुको जवाफहरु | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | विद्यालयमा शिक्षकले विद्यार्थीलाई अनुसाशनमा राख्ने प्र.अ.ले चेक गर्ने, भौतिक सामग्री विद्यालयमा छ छैन हेर्ने, विद्यार्थीको पढाई बारे रेखदेख गर्ने । | | | |
| २ | खै के भन्नु केहि भन्नत आउदैन छोराछोरी चाई स्कुलमा जान्छन । | | | |
| ३ | होमरक दिनुपर्‍यो दिएको होमक चेक पनि गरिदिनुपर्‍यो | | | |
| ४ | सवै जना मिलेर गर्दा हुन्छ होला | | | |
| ५ | पुराना शिक्षकलाई सम्माजनक विदा दिएर नयापुस्ताका शिक्षकलाई सहभागि गराउने कक्षा समय पुर्ण पालन गर्ने, अभिभावकले पनि आफ्ना वालवालिकोलाई निगरानी राख्नुपर्ने | | | |
| ६ | विद्यालय समय शिक्षक विद्यार्थीले ख्याल गर्ने, सरलाई सोधेरमात्र विद्यार्थी घर जाने कापि कलम किनिदिने । | | | |
| ७ | राम्ररी ध्यान दिएर पढाउनुपर्छ । | | | |
| ८ | मन लगाएर सरले पढाउनु पर्छ विद्यार्थीले पनि पढ्ने केटाकेटी स्कुल आएन भने त्यसको खोजी गर्ने र अभिभावकलाई जानकारी गराउने । | | | |
| ९ | पाठ्यपुस्तक समयमा राज्यले उपलब्ध गराएर सरोकारवालाहरु मिलेर गुणस्तर वृद्धि गर्ने, शिक्षकले राम्रोसँग पढाउने प्र.अ.ले राम्रो पढाउने शिक्षकलाई प्रोत्साहन गर्ने | | | |
| १० | विद्यालयले कडा नियम वनाउदा हुन्छ होला | | | |
| ११ | सरहरुले विद्यार्थीलाई राम्रो व्यवहार गर्नु पर्छ । | | | |
| १२ | के भन्नु पढाई दिए हुन्थियो होला नि, केटा केटी कहिले काही सर आएनन भनेर छिटै घर आउछन | | | |
| १३ | प्र.अ.ले कडाई गरि दिए राम्रो हुन्थ्यिो होला | | | |
| १४ | व्यवस्थापन समितिले पनि कडाई गर्नु पर्‍यो । | | | |
| १५ | व्यवस्थापन समितिले समय समयमा निरिक्षण गर्नुपर्‍यो । | | | |

“अभिभावको हेराइमा सामुदायिक विद्यालय”

अनुसूचि २ : शिक्षक प्रति अभिभावकहरु

| क.स. | विचारहरु | चिन्ने | | नाम | | समयमा उपस्थिती हुने | | पढाउछन की पढाउदैनन | | शिक्षकको उपस्थिती | | मन पराउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म | पू | म | पू | म | पू | म | पू | म | पू | म | पू | म | पू | |
| १ | थाहा नभएको | | | | | | | | | | | | | | |
| २ | केहिलाई चिन्छु | | | | | | | | | | | | | | |
| ३ | ५/६ जना | | | | | | | | | | | | | | |
| ४ | थाहा नभएको | | | | | | | | | | | | | | |
| ५ | केही थाहा भएको | | | | | | | | | | | | | | |
| ६ | समयमा आउछन | | | | | | | | | | | | | | |
| ७ | कहिलेकाही आउछन | | | | | | | | | | | | | | |
| ८ | पढाउछन | | | | | | | | | | | | | | |
| ९ | आउदैनन् | | | | | | | | | | | | | | |
| १० | पढाइमा ध्यान दिदैनन् | | | | | | | | | | | | | | |
| ११ | उपस्थिति अध्ययन नगरेको | | | | | | | | | | | | | | |
| १२ | समयमा आउछन् | | | | | | | | | | | | | | |
| १३ | ढिलो आउछन् | | | | | | | | | | | | | | |
| १४ | थाहा छ | | | | | | | | | | | | | | |

“अभिभावको हेराइमा सामुदायिक विद्यालय”

श्री कालिका आधारभूत विद्यालय

श्री जुङ्ग -९ सेखिंवा

अनुसूचि ४ कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरु

| क्र.सं. | विद्यार्थीको नाम | वुवाको नाम | आमाको नाम |
|---|---|---|---|
| १ | सरु लिम्बु | कुलवहादुर लिम्वु | तिलरुपा लिम्वु |
| २ | याङडोमा शेर्पा | निफूरी सेर्पा | किटुमा शेर्पा |
| ३ | अनिल चोङवाड | हर्कवहादुर लिम्वू | सृजना लिम्वू |
| ४ | दिक्षा गुरुङ्ग | रामवहादुर गुरुङ | कमला गुरुङ |
| ५ | लमी शेर्पा | पेम दोजी शेर्पा | निसाफूर्वी सेर्पा |
| ६ | लाक्पा तेन्जिङ शेर्पा | लक्पा शेर्पा | डोमा शेर्पा |
| ७ | सोनाम शेर्पा | लक्पा शेर्पा | डिक्री शेर्पा |
| ८ | मिमि शेर्पा | लक्पा शेर्पा | डिक्री शेर्पा |
| ९ | पासामु शेर्पा | पेखा शेर्पा | पूर्लयु शेर्पा |
| १० | सृष्टी लिम्बू | सूसिल लिम्बु | रितिका लिम्वू |
| ११ | गोमा भण्डारी | लक्ष्मी भण्डारी | सुसिला भण्डारी |

स्रोत : विद्यालय, २०७३

“अभिभावको हेराइमा सामुदायिक विद्यालय”

श्री जुङ्ग माध्यमिक विद्यालय

श्री जुङ्ग -६

अनुसूचि ५ कक्षा ५ मा अध्ययनरत विद्यार्थी र अभिभावकको नामवली

| क्र.सं. | विद्यार्थीको नाम | वुवाको नाम | आमाको नाम |
|---|---|---|---|
| १ | नविन लामिछाने | महेन्द्र लामिछाने | टिकादेखि छामिछाने |
| २ | सेसेहाङ लिम्वू | लिलाकुमार लिम्वू | इन्दिरा लिम्वू |
| ३ | अवेन लिम्वू | सिमन लिम्वू | लिला लिम्वू |
| ४ | मिराक लिम्वू | ओजाहाङ्ग लिम्वू | जयमाया लिम्वू |
| ५ | सेखर लिम्वू | डिल्लीकुमार लिम्वू | कृष्ण कुमारी लिम्वू |
| ६ | दिया लिम्बू | धनकुमार लिम्बू | इन्दु लिम्बू |
| ७ | आशिका लिम्बू | अम्मरबहादुर लिम्बू | लक्ष्मी लिम्बू |
| ८ | सुष्मा लिम्बू | बहादुर सिंह लिम्बू | पुष्पा लिम्बू |
| ९ | सफल लिम्बू | रुद्रबहादुर लिम्बू | दिलमाया लिम्बू |

“अभिभावकको हेराइमा सामुदायिक विद्यालय”

श्री असिने आधारभूत विद्यालय

श्री जुङ्ग -२

अनुसूचि ६ : कक्षा ५ मा अध्ययनरत विद्यार्थी र अभिभावकको नामवली

| क्र.सं. | विद्यार्थीको नाम | वुवाको नाम | आमाको नाम |
|---|---|---|---|
| १ | आकृती लिम्बू | हेमन्तचन्द्र लिम्बू | दिलु लिम्बू |
| २ | सरमान भण्डारी | गजेन्द्र भण्डारी | नैनकला भण्डारी |
| ३ | सन्दिप लिम्बू | कुलबहादुर लिम्बू | इन्दिरा लिम्बू |
| ४ | विवेक लिम्बू | कृष्ण कुमार लिम्बू | रेनुका लिम्बू |
| ५ | सुरेन्द्र तामाङ | टेकबहादुर तामाङ् | फुलमाया तामाङ |
| ६ | सविता अधिकारी | नरबहादुर अधिकारी | लिलामाया अधिकारी |
| ७ | पवन लिम्बू | सार्कबहादुर लिम्बू | भिमकुमारी लिम्बू |
| ८ | नविन लिम्बू | देवेन्द्र लिम्बू | करुणा लिम्बू |

"अभिभावकको हेराइमा सामुदायिक विद्यालय"

श्री युवावर्ष आधारभूत विद्यालय

श्रीजुङ्ग -८

अनुसूचि ६ : कक्षा ५ मा अध्ययनरत विद्यार्थी र अभिभावकको नामवली

| क्र.सं. | विद्यार्थीको नाम | वुवाको नाम | आमाको नाम |
|---|---|---|---|
| १ | तान्छोहाङ लिम्बू | हेम ब. लिम्बू | रुपा लिम्बू |
| २ | विशाल लिम्बू | मन ब. लिम्बू | सविता लिम्बू |
| ३ | डिक ब. तामाङ | राम ब. तामाङ | सन्चमाया तामाङ |
| ४ | अशोक लिम्बु | अमृत लिम्बू | इन्द्रमाया लिम्बू |
| ५ | विश्वराज लिम्बु | चन्द्रप्रसाद लिम्बू | विष्णु कुमारी लिम्बू |
| ६ | खगेन्द्र तामाङ | सुर्यबहादुर तामाङ | भिममाया तामाङ |
| ७ | गीता कुमारी लिम्बू | रामप्रसाद लिम्बू | शीला लिम्बू |
| ८ | भूमिका लिम्बू | देशकुमार लिम्बू | मनमाया लिम्बू |

“अभिभावकको हेराइमा सामुदायिक विद्यालय”

अनुसूचि ६ : विद्यार्थी संख्या तथा अभिभावकको तथ्याङ्क उपलब्ध गराईदिनु हुने विद्यालयका प्र.अ. तथा शिक्षकको नामावली

| क.स. | प्र.अ.को नाम | शिक्षकको नाम | विद्यालयको नाम | स्रोतकेन्द्र |
|---|---|---|---|---|
| १ | गोमादेवी ढुङ्गेल | गीता भट्टराई | युवावर्ष आ.वि. | मोरहाङ |
| २ | विद्यापति दाहाल | दारिन्जे शेर्पा | कालिका आ.वि. | मोरहाङ |
| ३ | इश्वरीप्रसाद भट्टराई | हेमन्त लिम्बू | श्रीजुङ मा.वि. | मोरहाङ |
| ४ | बुद्धिबहादुर बस्नेत | धनुप्रसाद भट्टराई | असिने आ.वि. | मोरहाङ |